**चिसो मौसममा:**
- चिसो मौसममा सुरक्षित रहौं ।
- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं।
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २२७ | काठमाडौं | बुधबार, ०२ पुस २०८२ | Prabhab National Daily | Wednesday, 17 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

## निर्वाचन कानुन संशोधन गर्न आयोगको दबाब



- समावेशी समूहको जनसंख्या प्रतिशत जनगणना २०७८ अनुसार खुलाउन माग
- कानुन संशोधन गर्न सरकारमाथि दबाब

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले समावेशी समूहको जनसंख्या प्रतिशत खुलाएर छिटो कानुन संशोधन गरिदिन सरकारसँग आग्रह गरेको छ । प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको बन्दसूची तयार गर्न र नतिजा निकाल्न २०७८ को जनगणनाअनुसार त्यस्तो समूहको जनसंख्या प्रतिशत आवश्यक हुने र त्यसका लागि कानुन संशोधन अनिवार्य रहेको आयोगले औंल्याएको छ ।

यसबारे मंगलबार आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कानुनमन्त्री अनिलकुमार सिन्हा, सञ्चारमन्त्री जगदीश खरेल र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठको ध्यानाकर्षण गराएका छन् । उनले समयको चापका कारण छिटो प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ लाई संशोधन गर्न पनि माग गरे ।

राजनीतिक दलहरूले जनसंख्याका आधारमा दलित, आदिवासी जानजाति, खस-आर्य, मधेसी, थारू र मुस्लिमको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तबमोजिम उम्मेदवारको बन्दसूची तयार गर्नुपर्ने कानुनी व्यवस्था छ । यही व्यवस्थाअनुसार आयोगले राजनीतिक दलहरूलाई समानुपातिक उम्मेदवारको बन्द सूची बुझाउन पुस १३ र १४ को समय दिएको छ ।

यससम्बन्धी प्रावधान प्रतिनिधिसभा निर्वाचन ऐनको दफा २८ (५) मा छ । ऐनको अनुसूची-१ मा २०६८ को जगणनाअनुसार उम्मेदवारको बन्दसूचीका लागि समावेशी आधार तोकिएको छ । त्यहाँ पुरानो जनगणनाअनुसारको दलित, आदिवासी जनजाति, खास-आर्य, मधेसी, थारू र मुस्लिम समुदायको जनसंख्या प्रतिशत उल्लेख छ । सोहीअनुसार २०७४ र २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा दलहरूले बन्दसूची तयार गरेका थिए । निर्वाचन र परिणाम घोषणा पनि त्यसकै आधारमा गरिएको थियो । यसपटक भने आयोगले कानुन संशोधन गरेर भए पनि २०७८ को जनगणनाअनुसार समावेशी जनसंख्याको प्रतिशत टुंगो लगाउन सरकारलाई दबाब दिएको हो ।

उसो त आयोगले गत ३ मंसिरमै गृह मन्त्रालयलाई कानुन संशोधन प्रक्रिया अगाडि बढाउन पत्राचार गरेको थियो । एक महिना हुन लाग्दासम्म कानुन संशोधन भएर आएको छैन । यसपछि आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सरकारका विभागीय मन्त्रीहरूसँग भेटेरै छिटो कानुन संशोधन गर्न आग्रह गरेका हुन् ।

कानुनमन्त्री सिन्हाले भने समानुपातिकतर्फ समावेशी प्रतिनिधित्वका विषयमा जनगणनाअनुसारको प्रतिशत निकाल्ने काम भइरहेको बताएका छन् । उनले त्यसअनुसार अध्यादेश ल्याएर कानुन संशोधन गर्ने गृहकार्यमा सरकार लागिरहेको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

# एमालेले महाधिवेशन सकाउँदा कांग्रेस भने अझै धकेल्दै

- जेन-जी विद्रोहलगत्तै दलहरूले धमाधम महाधिवेशन घोषणा गरेपछि सत्ताबाट सडकमा आइपुगेको एमालेले आफूलाई विधानतः नवीकरण गर्न आज मतदान गर्दै
- लोकतन्त्रको अगुवा दाबी गर्दै आएको नेपाली कांग्रेसले भने म्याद आफ्नो कार्यसमितिको म्याद सकिँदा पनि अनेक प्रपञ्च मच्चाउँदै महाधिवेशन धकेल्न सुरू
- पुस २७ बाट तोकेको १५औं महाधिवेशन आयोजना गर्न कांग्रेसले मंसिर २० गतेसम्ममा फाराम वितरण गर्ने कार्यतालिका थियो तर पुस १ गते आइपुग्दा क्रियाशील सदस्यता फाराममै विवाद देखिएपछि चार लाख क्रियाशील सदस्यता फाराम रद्द गरिएको छ



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहपछि नेकपा एमालेले आफ्नो महाधिवेशन एक वर्षअगावै सम्पन्न गर्ने लयमा छ । कतिपयले केपी शर्मा ओलीलाई अनुदार भने पनि उनले ११औं महाधिवेशन लगभग सम्पन्न गरेका छन् ।

विधानअनुसार अझै एक वर्ष चुनाव नगरी ओली अध्यक्षमा बस्न पाउँथे । तर जेन-जी विद्रोहलगत्तै दलहरूले धमाधम महाधिवेशन घोषणा गरेपछि सत्ताबाट सडकमा आइपुगेको एमालेले आफूलाई विधानतः नवीकरण गर्न लागेको हो ।

आफ्नो प्रतिस्पर्धामा प्यानलै उत्रँदा पनि ओलीले लोकतान्त्रिक प्रक्रियामार्फत केन्द्रीय कमिटी चुन्नेगरी आज मतदान गराउँदै छ । लोकतन्त्रको अगुवा दाबी गर्दै आएको नेपाली कांग्रेसले भने म्याद आफ्नो कार्यसमितिको म्याद सकिँदा पनि अनेक प्रपञ्च मच्चाउँदै महाधिवेशन धकेलिरहेको छ ।

विधानतः कांग्रेसको १४औं महाधिवशेनका म्याद मंसिर मसान्तमै सकिएको हो । तर पछिल्लो केन्द्रीय समितिले यो कार्यसमितिको म्याद माघसम्मै थपेको छ । मंसिर १५ गते सार्वजनिक केन्द्रीय समितिको निर्णयअनुसार महाधिवेशन पुस २७ देखि २९ गतेसम्म गर्ने कार्यतालिका छ ।

### क्रियाशीलको फाराम वितरण नै ढिलाइ गर्दै

कांग्रेसमा महाधिवेशन तयारीका लागि सबैभन्दा झमेला क्रियाशील सदस्यता वितरणमा हो ।

क्रमशः पृष्ठ २ मा

### 'कांग्रेसले आफ्नो धर्म बिर्सँदै गयो'

कुनै समय नेपाली कांग्रेसको नेतृत्वमा रहेकाहरू भन्थे- कांग्रेसले जे बोल्छ, त्यो गर्छ । जे गर्छ, त्योमात्र बोल्छ । कम्युनिस्ट नेताहरूले गर्ने भाषणका तुलनामा यी उक्ति लोकप्रिय नबनेको होइन । तर देउवा नेतृत्वमा आएपछि कांग्रेसमा ढिलासुस्ती र एकले अर्कालाई दोष दिने परम्परा सुरु भएको छ ।

अघिल्लो कार्यकालमै झण्डै पाँच वर्ष कांग्रेसको नेतृत्व गरेका शेरबहादुर देउवा यसपटक पनि विधान र संविधानले दिएको अधिकार प्रयोग गर्दै महाधिवेशन अझै वर्ष दिन पछि गर्ने दाउमा देखिन्छन् । यो निकै दुखद् विषय भएको कांग्रेस केन्द्रीय सदस्य प्रा.डा. गोविन्द पोखरेल बताउँछन् । 'कांग्रेसले एमालेका खराब संस्कार टपक्कै टिपेको छ भने एमालेले कांग्रेसका सबैभन्दा उत्तम लोकतान्त्रिक अभ्यासका अनुकरण गरेको देखिएको छ,' पोखरेलले भने । यसपटक एमालेले मंसिरमा महाधिवेशन गर्छ भनेर कसैले पत्याउने स्थिति थिएन ।

क्रमशः पृष्ठ २ मा

## एमालेको नेतृत्व छान्न आज मतदान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेको नयाँ नेतृत्व चयनका लागि आज मतदान हुने भएको छ । विद्युतीय यन्त्रबाट मतदान तयारी गरेको एमालेले यान्त्रिक व्यवस्थापनमा ढिलाइ भएको जनाउँदै मंगलबारको मतदान कार्यक्रम स्थगित गरेको हो ।

यसअघि एमालेले मंगलबार बिहान १२ बजेबाट मतदान गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो । विद्युतीय यन्त्रको ढिलाइ देखाउँदै एमालेले साँझ ७ बजेबाट मतदान गर्ने गरी नयाँ कार्यतालिका सार्वजनिक गरेको थियो । तर मंगलबार साँझ चिसोमा लाइन लागेको झण्डै एक घण्टापछि महासचिवका उम्मेदवार शंकर पोखरेलले मतदान कार्यक्रम सरेको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

भोटिङ मेसिनमा उम्मेदवारको नाम र अनुहार प्रयोग गरेको थियो । निर्वाचन आयोगले वर्णानुक्रमअनुसार फेरबदल गरेकोले त्यहीअनुसार नाम इन्ट्री गर्नुपर्ने भएकाले ढिलाइ भएको हो ।

■ **विष्णु रिमाल**
उपमहासचिवका उम्मेदवार



**सन्दर्भः वैदेशिक रोजगार**

## साताव्यापी कार्यक्रमसहित मनाइँदै अन्तर्राष्ट्रिय आप्रवासन दिवस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** २५औं अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा आयोजना गरिएको आप्रवासन सप्ताह मंगलबारबाट सुरु भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सप्ताहको पहिलो दिन पत्रकार सम्मेलन गर्दै पुस ७ गतेसम्म अर्थपूर्ण ढंगले दिवस मनाउने जानकारी दिएको छ ।

मन्त्रालयले यस वर्षको दिवसका लागि 'श्रम आप्रवासनका चक्रमा सुशासनः सुरक्षित, मर्यादित र सीपयुक्त आप्रवासन' नारा तय गरेको छ । अन्तर ाष्ट्रिय दिवसको नारा भने 'अनरिङ द कन्ट्रिब्युसन अफ माइग्रेन्ट्स एण्ड रेस्पेक्टिङ देअर राइट्स' रहेको छ । हरेक वर्ष डिसेम्बर १८ मा अन्तर्राष्ट्रिय आप्रवासन दिवस मनाइन्छ ।

साताव्यापी कार्यक्रम प्रत्यक्षरूपमा प्रभाव देखिनेगरी मनाउने श्रमसचिव डा. कृष्णहरि पुष्करले बताए । अन्य दिवसजस्तो औपचारिकतामा मात्र सीमित नभई नतिजा देखिनेगरी मनाउने उनको भनाइ छ ।

'श्रम तथा आप्रवासन क्षेत्रमा रहेका विकृति विसंगति, ठगी, अपराधका कुरा नियन्त्रण गरेर सबै सरोकारवालाई 'इथिकल पर्टनर'को रूपमा कायम गर्ने कुरामा जोड दिएको विषय छ,' सचिव पुष्करले भने, 'यसमा तीनै तहको सरकार उत्तिकै जिम्मेवार भएकाले अरु कार्यक्रमजस्तो भाषण गरेर मनाउने नभई वास्तविक प्रभाव पार्ने खालको कार्यक्रम हो ।'

हाल ४० लाख हाराहारी नेपाली वैदेशिक रोजगारीमा भएको बताइन्छ । देशको ६० प्रतिशत परिवार वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बन्धित रहेको विभिन्न अध्ययनले देखाएका छन् । वार्षिक पाँच लाखको हाराहारीमा आउने श्रम शक्तिको ठूलो हिस्सा वैदेशिक रोजगारीमा जाने गरेको सचिव पुष्करले बताए ।

'अध्ययनका अनुसार चारदेखि पाँच लाख नयाँ श्रम शक्ति श्रमबजारमा आउने गरेको छ । त्यसको ठूलो हिस्सा वैदेशिक रोजगारीमा जाने गरेको छ,' उनले भने, 'यो क्षेत्रमा रिक्रुटिङ एजेन्सिज, ट्रेड युनियन, मेडिकल एजेन्सी, सिटिईभिटीलगायतका संस्थाहरूको लगानीको कुरा गर्दा पाँच खर्ब रूपैयाँभन्दा बढी लगानी भएको सबैभन्दा ठूलो क्षेत्र भएको पनि विश्वास छ । कार्यक्रममा वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले विभागले सबै सेवाहरूलाई डिजिटलाइज्ड गरेर श्रम स्वीकृतिलाई सरल र पारदर्शी बनाएको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा



### 'हेल्प टू हेल्प टेन सेन्टर'

सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको सुरक्षाको सुनिश्चितता गर्न 'हेल्प टू हेल्प टेन सेन्टर' स्थापना गर्ने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा श्रमसचिव कृष्णहरि पुष्करले उक्तसमेत जानकारी दिएछन् ।

उक्त सेन्टर आप्रवासी दिवस मनाएपछि पुस ८ गतेबाट सञ्चालनमा आउने उनको भनाइ छ । सेन्टरले रोजगारीमा जाने श्रमिकको १० वटा प्रश्नको जवाफ दिने छ ।

क्रमशः पृष्ठ २ मा

## श्रम संस्कृति पार्टीका उपाध्यक्ष लामा पक्राउ, १३ वर्षपछि अनुसन्धानको दायरामा

- १७ असार २०६९ मा पाँचथरमा देवराजविरूद्ध विष्फोटक पदार्थसम्बन्धी कसुरमा मुद्दा
- साढे १३ वर्षपछि सिआइबीले काठमाडौंको कपनमा पक्राउ गरेर पाँचथर पठायो
- उनको पक्राउसँगै मुद्दाको अनुसन्धान अघि बढ्ने पाँचथर प्रहरीद्वारा जानकारी
- दोषी ठहरिए बचाऊ नगर्ने अध्यक्ष साम्पाङको प्रस्टीकरण

■ **जेबी योञ्जन**

**काठमाडौं–** हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीका उपाध्यक्ष देवराज लामा पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई १३ वर्ष पुरानो विष्फोटक पदार्थसम्बन्धी मुद्दामा मंगलबार पक्राउ गरेको हो ।

उनको नागरिकताको नाम राजकुमार तामाङ हो । कुमार र विश्वक्रान्ति भनेर पनि उनलाई चिनिन्छ । ५० वर्षीय लामालाई सिआइबीले कपनबाट पक्राउ गरेको जानकारी दिएको छ । पक्राउपछि उनलाई पाँचथर पठाइएको सिआइबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोजकुमार केसीले बताए ।

'पाँचथरमा उनी प्रतिवादी भएको एउटा मुद्दा थियो । त्यही मुद्दामा उनी फरार प्रतिवादी थिए,' उनले प्रभावसँग भने, 'आवश्यक कारबाहीका लागि हामीले त्यता पठाइसक्यौं ।'

लामा रूपन्देहीको बुटवलमा हुने श्रम संस्कृति पार्टीको कार्यक्रमका लागि जान काठमाडौं आएका थिए । त्यहाँ यही ५ पुसमा पार्टीको कार्यक्रम आयोजना गरिँदै छ । कार्यक्रमलाई सम्बोधन गर्न जान भन्दै कोशीदेखि काठमाडौं आएका उनलाई मंगलबार बेलुकी सिआइबी टोलीले पक्राउ गरेको हो ।

क्रमशः पृष्ठ २ मा



### 'प्रतिशोध भन्ने आएको छ'

आफ्नो पार्टीका उपाध्यक्ष लामा पक्राउ परेपछि श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले उनी दोषी ठहरिए बचाऊ नगर्ने बताएका छन् । तर, निर्दोष भए अन्याय र प्रतिशोधको विरोध गर्ने चेतावनी दिए । 'हाम्रो उपाध्यक्ष दोषी ठहर हुन्छ भने हामी बचाऊको प्रयास गर्ने छैनौं,' उनले सामाजि सञ्जाल फेसबुकमा लेखेका छन्, 'तर, निर्दोष हुन् भने अन्याय र प्रतिशोधको विरोध हुने नै छ ।'

अध्यक्ष साम्पाङको यस्तो प्रतिक्रियाको आलोचना पनि भएको छ । कतिपयले आफ्नो उपाध्यक्ष पक्राउ पर्दा पनि संघर्षका कार्यक्रम घोषणा नगरेको भनेका छन् । केहीले चाहिँ आरोपी नेता पक्राउ पर्दा नबचाउने भनेर साम्पाङ कानुनी राज्यको कट्टर पक्षपाति देखिएको भन्दै उनको प्रशंसा गरेका छन् । उनका केही समर्थकले भने पक्राउपछि लामाको पद निलम्बन गर्न सुझाएका छन् ।

## पृष्ठ १ बाट क्रमशः

### एमालेले ...

यसका लागि मंसिर २० गतेसम्ममा फाराम वितरण गर्ने कार्यतालिका थियो । तर पुस १ गते आइपुग्दा क्रियाशील सदस्यता फाराममै विवाद देखिएपछि चार लाख क्रियाशील सदस्यता फाराम रद्द गरिएको छ । जिल्ला-जिल्लामा पठाइएका छ लाख फाराममध्ये चार लाख सिरियल नम्बर नै नभएको पाइएपछि ती फाराम रद्द गरिएको हो ।

क्रियाशील व्यवस्थापन समितिका संयोजकसमेत रहेका महामन्त्री गगन थापा भने ती फाराम रद्द नगर्ने पक्षमा थिए । तर संस्थापनइतरका नेता डा. शेखर कोइरालाले यसबारे पार्टी सभापति शेरबहादुर देउवासँग असहमति जनाएपछि मंगलबार समितिको बैठक बसेरै महामन्त्री थापाको निर्णय उल्टचाएको हो । 'बुधबारबाट चार लाख नयाँ फाराम जिल्ला-जिल्लामा पुग्छ । दुई-तीन दिन लाग्न सक्छ,' समितिका सदस्य योगेन्द्र चौधरीले भने ।

गगनको निर्णय रोक्न डा. कोइराला केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजाललाई लिएर सभापति देउवा भेट्न महाराजगञ्ज पुगेका थिए । भेटमा कोइरालाले क्रियाशील सदस्यता वितरण समितिले नम्बरविनाका फाराम जिल्ला-जिल्ला पठाएको र यसले पार्टीभित्र देशैभर जटिल समस्या उत्पन्न सिर्जना गरेको देउवासामु बताएका थिए । कोइरालाले विनानम्बरका ती फाराम तत्काल फिर्ता गरी नयाँ फाराम पठाउन निर्देशन दिन देउवालाई आग्रह गरेका थिए ।

■■■

### कांग्रेसले...

यद्यपि, ओलीले तोकेकै समयमा महाधिवेशन गरेर आफ्नो वचन पूरा गरेको पोखरेलको भनाइ थियो । 'यो महाधिवेशन गरेर ओलीले आफू वचनको पक्का रहेको मात्र देखाएन, वर्ष दिन अगावै महाविधेशन गरेर कुशल व्यवस्थापकको उदाहरण बने,' उनले भने ।

एमाले महाधिवेशन ओलीको निरंकुश प्रवृत्तिलाई अन्त्य गर्ने अवसर भएको एमाले छाडेका नेता डा. भीम रावलले बताएका छन् । चितवनमा भएको १० औं महाधिवेशनलाई सम्झिँदै रावलले भनेका छन्, 'अहिले घटनाक्रमबाट त्यसबेला मैले उठाएको कुरा कति सही रहेछ भन्ने स्पष्ट भएको छ । अहिले धेरैले केपीको निरंकुश, स्वेच्छाचारी प्रवृत्ति र व्यवहारलाई स्वयं भोगेका र देखेका छन् । अतः एमालेको ११औं महाधिवेशन त्यस्तो प्रवृत्ति र व्यवहारबाट पार्टीलाई मुक्त गर्दै स्वयं पार्टी, देश र जनताको हितमा संगठनलाई उपयोगी बनाउने अवसरको रूपमा प्रतिनिधिहरूले उपयोग गर्न सके भने उचित हुने छ ।'

नेपाली कम्युनिस्ट पार्टीका नेता वर्षमान पुनले एमालेभित्र लोकतन्त्रको अभ्यास भएको भन्दै महाधिवेशनको प्रशंसा गरेका छन् । काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै पुनले भने, 'मुख्य राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर भए देश र समाजको लोकतन्त्रको मर्म बोक्न सक्दैन । एमालेले लोकतान्त्रिक अभ्यास गरिरहेको छ । सकारात्मक सन्देश पक्का पनि आउँला, नयाँ नेतृत्व नयाँ नीति र सोचका साथ पार्टीहरू जान सक्छन् भन्ने अपेक्षा छ ।'

■■■

### निर्वाचन...

#### निर्वाचनको ७० प्रतिशत काम फत्ते

प्रतिनिधिसभा निर्वाचन सार्नुपर्ने विषय उठिरहँदा कार्यवाहक निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने निर्वाचनसम्बन्धी ७० प्रतिशत काम सम्पन्न भएको बताएका छन् । शून्यदेखि सुरु गरेर यति धेरै काम गरिसकिएको भन्दै उनले दृढ अठोट साथ निर्वाचन गर्न प्रतिबद्धता व्यक्त गरे । तर, केही निर्वाचन कानुन संशोधनमा सरकार गम्भीर बन्नुपर्ने उनको भनाइ छ । निर्वाचन आगामी २१ फागुनका लागि तोकिएको छ ।

■■■

### एमालेको....

'निवर्तमान पदाधिकारीको उपस्थितिमा नेताहरूको छलफलपछि अहिले रातिको समय पनि भइसकेको, प्रतिनिधिको बसाइ पनि टाढा भएको र प्राविधिकरूपमा पनि तयारी पूरा नभएकोले भोलि (बुधबार) बिहान ८ बजेमात्रै मतदान हुने भयो,' पोखरेलले भने । काठमाडौंको भृकुटीमण्डपमा जारी एमाले महाधिवेशनको केन्द्रीय निर्वाचन आयोगका उपाध्यक्ष सानुराज पोखरेलका अनुसार मतदान यन्त्रमा समस्या देखिएको छ । 'विद्युतीय भोटिङ मेसिनमा समस्या आएपछि आज साँझदेखि सुरु गर्ने भनिएको मतदान स्थगित गरिएको छ,' पोखरेलले भने । एमालेका कतिपय प्रतिनिधिले भने ओलीले प्रतिनिधिलाई आफ्नो पक्षमा तान्न निर्वाचन स्थगित गराएको आरोप लगाएका छन् ।

यद्यपि उम्मेदवारको सूची लामो भएको र ती नाम इन्ट्री गराउनै समय लागेकोले मतदानको कार्यक्रम ढिला भएको आयोजकले जनाएको छ । 'भोटिङ मेसिनमा उम्मेदवारको नाम र अनुहार प्रयोग गरेको थियो । निर्वाचन आयोगले वर्णानुक्रमअनुसार फेरबदल गरेकोले त्यहीअनुसार नाम इन्ट्री गर्नुपर्ने भएकाले ढिलाइ भएको हो,' उपमहासचिवका उम्मेदवार विष्णु रिमालले भने । यसप्रति शंका नगर्न रिमालले आग्रह गरे ।

अघिल्लो महाधिवेशनमा पनि एमालेले विद्युतीय भोटिङ मेसिनको प्रयोग गरेको थियो । उक्त महाधिवेशनमा अध्यक्ष, महासचिव र एक सचिवमा मात्र निर्वाचन भएकोले मतदानमा सहजता आएको थियो । यसपटक एक जनालाई मतदान गर्न एक घण्टा बढी लाग्ने बताइएको छ । ओलीले आफ्नो पक्षका उम्मेदवार जिताउन ललितपुरको च्यासलमा रहेको मुख्यालयलाई मुकाम बनाएर रणनीति बनाइरहेका छन् । यता ईश्वर पोखरेल समूहले मदन भण्डारी फाउण्डेसनको कार्यालयमा बसेर आफ्नो समूहको नेता जिताउन रणनीति बनाइरहेका छन् ।

कूल ३०१ सदस्यीय नयाँ कार्यसमितिका लागि करिब ६६० जनाले उम्मेदवारी दर्ता गराएको निर्वाचन समितिले जनाएको छ । महाधिवेशनमा केपी शर्मा ओली र ईश्वर पोखरेलले प्यानलै बनाएर उम्मेदवारी घोषणा गरेका छन् । अध्यक्षका दुई उम्मेदवार ओली र पोखरेल मंगलबार साँझ मतदानस्थलमा पुगेका थिए । रामलक्ष्मण इनोभेसन प्रालिले व्यवस्थापन गरेको मतदानका लागि ८० विद्युतीय भोटिङ मेसिन प्रयोगमा ल्याइने बताइएको छ । महाधिवेशनमा दुई हजार २६३ प्रतिनिधिले मतदान गर्ने छन् ।

■■■

### साताव्यापी...

साथै, वैदेशिक रोजगारीमा नैतिक भर्नाको विषय मुख्य चुनौतीको रूपमा रहेको उनले औंल्याए । 'इथिकल रिक्रुटमेन्ट च्यालेञ्जको रूपमा देखापरेको छ । यसका लागि सबैको सहकार्यमा अगाडि बढ्नुपर्ने र यसका लागि पोलिसी र प्रक्रियागत इन्टरभेन्सन आवश्यक छ,' भट्टराईले बताए ।

कार्यक्रममा मन्त्रालयका प्रवक्ता एवं मूल समारोह कार्यक्रम व्यवस्थापन समितिका संयोजक पिताम्बर घिमिरेले सात दिनको कार्यतालिकाको विषयमा जानकारी गराएका थिए । साप्ताहिक कार्यक्रममा सामाजिक सञ्जालमार्फत सचेतनामूलक सन्देशहरू प्रवाह गरिने, रक्तदान, खेलकुद प्रतियोगिता, वाकाथन, अन्तरक्रिया कार्यक्रम, वादविवाद प्रतियोगिता, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सन्देशमूलक सामग्री वितरणलगागतका विविध कार्यक्रमहरू आयोजना हुँदै छन् । जसअन्तर्गत आज बुधबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आयोजनामा फुटसल प्रतियोगिता आयोजना हुँदै छ ।

मन्त्रालयले विदेशस्थित नियोगहरू, प्रदेश र स्थानीय तहलाई सचेतनामूलक, अन्तरक्रियात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नका लागि पत्राचारसमेत गरेको छ ।

■■■

### हेल्प टू हेल्प...

'हेल्प अस टू हेल्प यू' भन्ने सिद्धान्तमा आधारित भएर यो अवधारणा तयार गरिएको सचिव पुष्करले बताए । उक्त सेन्टरले विदेश जान चाहने श्रमिकहरूलाई राज्यले दिएको सूचनाका आधारमा निर्णय गर्ने, विभिन्न खालको ट्र्यापहरूबाट जोगाउने र इ-गभर्नेन्सलाई प्रभावकारी बनाउन सघाउने जनाइएको छ ।

१० वटा प्रश्नमा जान खोजेको देशको मागपत्र छ कि छैन, कुन-कुन रिक्रुटिङ एजेन्सी उक्त मागपत्रको आधिकारिक निकाय हुन्, उक्त कामका लागि चाहिने योग्यता, उमेर, तालिम आदि, जम्मा लागत कति, कसरी भुक्तनी गर्ने, कसलाई भुक्तानी गर्ने, उक्त निकायको आधिकारिक व्यक्ति र उसको सम्पर्क ठेगाना, र अन्त्यमा आवश्यक सल्लाह सुझाव र थप जानकारी लिन सक्ने जनाइएको छ । यस्तो सूचना ७५३ वटा स्थानीय तह, सातवटै प्रदेशका श्रम कार्यालय, श्रमाधान कल सेन्टर र वैदेशिक रोजगार विभागमा फोन गरेर या आफैं गएर पनि पाउन सकिने मन्त्रालयले जनाएको छ ।

■■■

### श्रम संस्कृति...

उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय पाँचथरमा १७ असार २०६९ मा विष्फोटक पदार्थसम्बन्धी मुद्दा दर्ता छ । मुद्दाका प्रतिवादी लामा फरार रहेकोले सिआइबीसँग समन्वय गरी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका सूचना अधिकारी तथा प्रहरी निरीक्षक अनिष कायस्थले बताए ।

'आर्थिक वर्ष २०६८/६९ को मुद्दा नम्बर १०५ मा विष्फोटक पदार्थसम्बन्धी मुद्दा रहेको हाम्रो रेकर्डमा छ । रेकर्ड हेर्दा प्रतिवादी फरार देखियो,' उनले भने, 'त्यही भएर सिआइबीसँग समन्वय गरेर पक्राउ गर्‍यौं, अब मुद्दाको अनुसन्धान अघि बढ्छ ।'

लामा दोस्रो संविधानसभाअघि संयुक्त जातीय मुक्ति मोर्चामा थिए । त्यहाँ उनी प्रवक्ताको भूमिकामा थिए । मोर्चा र तिनका नेता कार्यकर्ताहरू भूमिगत थिए । त्यसबेला देवराज विश्वक्रान्ति नामले चिनिन्थे । उनी १५ फागुन २०६८ सालमा काठमाडौंको बबरमहलस्थित आयल निगमको गेट नजिक बम विष्फोट घटनामा संलग्न थिए, जहाँ तीन जनाको ज्यान गएको थियो भने सात जना घाइते भएका थिए ।

हालै श्रम संस्कृति पार्टीको उपाध्यक्ष भएका उनले प्रभावसँग अन्तर्वार्ताको क्रममा आफू १४ वर्षअघिको बबरमहल बम विष्फोट काण्डसँग सम्बन्धित भएको स्वीकारेका थिए । 'म भूमिगत हुँदै शान्तिपूर्ण राजनीतिमा आएको हुँ । बबरमहल काण्डमा म संलग्न थिएँ । त्यस दिन देशका ४२ ठाउँमा विष्फोट गराएको थिएँ,' उनले भनेका थिए, 'त्यही कारण म साढे नौ वर्ष जेल बसें ।'

लामाले राजधानी काठमाडौं, पूर्वी तराईदेखि पहाडका जिल्लाहरूमै विष्फोटका घटना गराएका थिए । भलै, काठमाडौंको बबरमहलबाहेकका ठाउँमा कुनै मानवीय क्षति भएन । तर, सुरक्षा चुनौती बढाएका उनको खोजीमा सिंगो प्रहरी संगठन जुट्यो । अन्ततः २२ असार २०६९ मा पाँचथरको लुङ्रूपा-२ बाट पक्राउ परे ।

लामा त्यसबेला प्रवक्ता रहेको जातीय मुक्ति मोर्चाले नेपाली समाजको प्रधान अन्तरविरोध जातीय सवाल भएको निष्कर्ष निकालेको थियो । त्यसका लागि हिंसात्मक संघर्षलाई कार्यनीति बनाएको थियो । सोहीअनुसार काठमाडौंसहित देशका विभिन्न स्थानमा विष्फोटका घटना घटाएर सरकारलाई घुँडा टेकाउन चाहेको थियो । तर, घटनाको केही समयमै लामासहितका नेताहरू पक्राउ परे ।

उनको घर धनकुटाको साविक चुनवाङ-१, हालको पाखीबास नगरपालिका-९ हो । उनी २०७९ को प्रतिनिधिसभा निर्वाचनमा झापा-२ मा स्वतन्त्र उम्मेदवार थिए । त्यसबेला एमाले उम्मेदवार देवराज घिमिरे निर्वाचित भए, जो विघटित प्रतिनिधिसभाका सभामुख भए । उनका निकटतम् प्रतिद्वन्द्वी अर्का स्वतन्त्र उम्मेदवार अधिवक्ता स्वागत नेपाल भएका थिए । लामा निकटतम् प्रतिद्वन्द्वी भएनन् ।

त्यसबारे उनले भनेका थिए, 'म झापा-२ को उम्मेदवारमध्येमा सर्वाधिक विद्वान मै थिएँ तर मैले संगठन नहुनाले आफ्नो एजेण्डा जनजनमा पुऱ्याउनै पाइनँ कारण चुनाव चिह्न स्वतन्त्रको ढिलो आउँछ र हारें । सायद, हिजोको मेरो गतिविधिको त्रास मतदातामा थियो ।'

लामा श्रम संस्कृति पार्टीको वैचारिक र सैद्धान्तिक पाटोमा सक्रिय थिए । अघिल्लो महिना सार्वजनिक पार्टीको घोषणापत्रको मस्यौदाकार लामा नै हुन् । पार्टीको जे जति डकुमेन्टेसन भएको छ, उनै लामाले गरेको बताइन्छ । उनले 'हर्कपथ'लाई सैद्धान्तिकीकरण गरेका छन् । उनका अनुसार श्रममा आधारित प्रकृति, संस्कृति र प्रविधिको संयोजनबाट समृद्ध र विकसित नेपाल निर्माणको विचार हर्कपथ हो । उनै लामालाई श्रम संस्कृति पार्टीको 'थिंक ट्याङ्क' मानिन्थ्यो । तर, झण्डै डेढ दशक पुरानो मुद्दा उनका लागि गलपासो बन्यो ।

---

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मितिः २०८२/०८/०१ गते ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ४ कमलपोखरी इमाडोलबाट ग्वार्कोसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको + 2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : याङजोम न्यासुर (Yangzoom Nyasur)
रजिस्ट्रेसन.नं.: ७६२५७०७३७
माइग्रेसन सि.नं.: ४०७९२३
ठेगानाः इमाडोल, ललितपुर
सम्पर्कः ९८२०६७६०५५

**प्रमाणपत्र हराएको सूचना**

मितिः २०८२/०७/२८ गते ललितपुर जिल्ला, धापाखेलबाट सातदोबाटोसम्म जाने क्रममा मेरो निम्न व्हहोरा भएको +2 को राष्ट्रिय परिक्षा बोर्डबाट जारी ट्रान्सक्रिप्ट, माइग्रेसन र प्रोजिजनल प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : लक्ष्मी लिम्बु
रजिस्ट्रेसन.नं.: ७४२५२६०९०
माइग्रेसन सि.नं.: PO540625
ठेगानाः ललितपुर
सम्पर्कः ९८१०३००१६५

---

**साउदीमा रोजगार**

कम्पनी : Amal Saud bin Rajan Al-Azmi General Contracting Est.

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335294 | चलानी नं. ६०२४८८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६९,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al Majdal Residences Contracting Company Limited

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335295 | चलानी नं. ६०२४८८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Attendant | 10 | 0 | 1000 | ३८,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sinamangal-9 kathmandu, Nepal, Tel: +977 1 5920922/ 9810101596 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

---

**युएइमा रोजगार**

कम्पनी : BAYT AL AMAN CLEANING SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 322565 | चलानी नं. ६०२३६६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 15 | 0 | 900 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE LAYER. | 16 | 0 | 1200 | ४७,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

---

**कतारमा रोजगार**

कम्पनी : AZHAR AL SHOMAL CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | पूर्व विज्ञापन स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 310502 | चलानी नं. ६०२२५०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen. Clen. Worker | 1 | 0 | 1400 | ५५,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 537/061/62

**ABC PLACEMENTS PVT. LTD**
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

---

## Kummayak Rural Municipality
## Office Of Rural Municipal Executive
**Yasok , Panchthar**
**Koshi Province**

### Invitation for Sealed Quotation

**Date of Second Publication: 2082/09/02**

1. Kummayak Rural Municipality, Panchthar invites sealed quotation from duly registered eligible national bidders for the following works.

| Contract ID | Descriptions and location of work | Estimated Amount with Vat (Nrs) | Bid Security Amount(Nrs) | Bid Document Fee(Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| K/SQP/ 2082-83-01 | Construction of Dumping Site. | 15,88,895.37 | 42,500 | 1,000 | 45 days |

3. Eligible Bidders may refer to the complete set of bid document for further information at Office of Kummayak Rural Municipality, Yasok, Panchthar or visit PMO's Website: http://www.bolpatra.gov.np/egp. and Bidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

---

## Phalgunanda Rural Municipality
## Office Of Rural Municipal Executive
**Phaktep, Panchthar**
**Koshi Province, Nepal**

### Invitation for Electronic Bids

Date of publication: 2082-09-02

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/ NCB/03/ 2082/83 | Construction of Ganesh Kamala Smriti building infrastructure works. | 67,80,230.12 | 1,70,000.00 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.106901400250023 (Dharauti Account for Bid Security Amount) |

2. Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative officer**

# योजना आयोगका नवनियुक्त उपाध्यक्ष श्रेष्ठले लिए शपथ



**काठमाडौं (प्रस)–** राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ र सदस्य प्रा. सुनीति श्रेष्ठ (हाडा)ले पद तथा गोपनीयताको शपथ लिएका छन् । मंगलबार एक समारोहबीच प्रधानमन्त्री सुशीला कार्कीसमक्ष उनीहरूले शपथ लिएका हुन् ।

कार्यक्रममा आयोगका सदस्य एवं मुख्यसचिव सुमनराज अर्याल, प्रधानमन्त्री कार्यालयका सचिव राजकुमार श्रेष्ठ, आयोगका सचिव रविलाल पन्थलगायत सरकारी उच्च अधिकारीहरूको उपस्थिति थियो ।

शपथपछि प्रधानमन्त्री कार्कीले नवनियुक्त उपाध्यक्ष र सदस्यलाई बधाइ ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले मुलुकको अवस्थाको राम्रोसँग अध्ययन गरी र जेन-जी युवाको आकांक्षाबमोजिम योजनाको तयारी गर्न निर्देशन दिए ।

'हामीले तपाईंहरूलाई विज्ञका रूपमा यो जिम्मेवारी दिएका हौं, मुलुकको परिस्थितिबारे जानकार नै हुनुहुन्छ, यो परिस्थिति बुझेर हामीले पाइला चाल्नुपर्ने छ । देशका योजना तथा कार्यक्रमहरू पनि परिवर्तनका लागि युवाले गरेको आन्दोलनको भावनाअनुरूप तर्जुमा गर्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भने, 'हालको परिस्थिति राम्रोसँग अध्ययन गरी मुलुकको साख उठाउने हिसाबले काम गर्नुपर्छ । मलाई आशा छ, तपाईंहरू यस कार्यमा सफल हुनुहुने छ ।' सोमबार मन्त्रिपरिषद् बैठकले आयोगका उपाध्यक्ष र सदस्य नियुक्त गरेको थियो ।

# 'तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नुको विकल्प छैन'

**काठमाडौं (प्रस)–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले सरकारसँग तोकिएकै मिति आगामी फागुन २१ गते निर्वाचन सम्पन्न गर्नुको विकल्प नरहेको बताएका छन् ।

निर्वाचन आयोगले मंगलबार आयोजना गरेको निर्वाचन केन्द्रित छलफलमा उनले भने, 'यदि हामी लोकतन्त्रमाथि विश्वास राख्छौं भने र यसलाई परिस्कृत गर्दै लिएर जान चाहन्छौं भने निर्वाचन तोकिएकै समयमा हुनुपर्छ, कसैले संविधान संशोधन गर्नुपर्ने, कसैले निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने माग गर्दै आएका छन्, यो स्वाभाविक हो, तर त्यसका लागि पनि वर्तमान सरकारले निर्वाचनमार्फत परिस्कृत र संविधान मान्ने वा बुझ्ने व्यक्तिलाई प्रतिनिधिसभामा पठाउन चाहेको छ ।' मन्त्री सिन्हाले अब हुने प्रतिनिधिसभा निर्वाचनमार्फत जनताको चाहनाअनुसारको नेतृत्व आउने विश्वास व्यक्त गरे । जनसंख्याको आधारमा समावेशी प्रतिनिधित्व हुनुपर्ने सवालमा उनले त्यसका लागि कानुनमा आवश्यक परिमार्जन गर्नुपर्ने बताए ।

मन्त्री सिन्हाले निर्वाचनका लागि राजनीतिक दल तयार हुँदै गएका र समग्रमा निर्वाचनको वातावरण बन्दै गएको उल्लेख गर्दै आयोगले अहिलेसम्म गरेको निर्वाचन तयारीका लागि धन्यवाद दिए । उनले भने, 'निर्वाचन आयोगले विषम् परिस्थितिमा निर्वाचन केन्द्रित हुने वातावरण बनाउँदै गएको छ, यो सकारात्मक छ, यसलाई आफैं सक्रिय बनाउनुहोला, सँगसँगै राजनीतिक संवादलाई पनि निरन्तर अगाडि बढाउन मैरै संयोजकत्वमा समिति पनि गठन भएको छ, हामी त्यहाँ पनि छलफल गर्छौं र कसरी चुनावलाई भयरहित वातावरणमा सम्पन्न गर्न सकिन्छ भनेर फेरि पनि कार्ययोजना बनाउँदै छौं ।'

आगामी प्रतिनिधिसभा र राष्ट्रिय सभाको निर्वाचनलाई सकेसम्म कम खर्चिलो बनाउँदै सक्षम जनप्रतिनिधि, संविधानको पालक जनप्रतिनिधिलाई सदनमा पठाउनुपर्ने उनको भनाइ छ । मन्त्री सिन्हाले भने, 'हामीकहाँ केही सीमितता पनि छन्, निर्वाचन आयोग र अर्थ मन्त्रालयबीच आर्थिक व्यवस्थापनबारे संवाद भइरहेको छ, गत निर्वाचनमा आयोगले अर्थ बचाएर फिर्ता गरेको थियो, यो निर्वाचनमा पनि सकेसम्म कम खर्च हुने मलाई विश्वास छ, कम खर्चिलो तर प्रभावकारी बनाउन सरकारले पनि पहल गर्ने छ ।'

# 'मानसिक स्वास्थ्य समस्या होइन, खुलेर कुराकानी गरौं'

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले मानसिक स्वास्थ्य समस्या कुनै कमजोरी नभएको बताएका छन् । उनले यो शारीरिक रोगजस्तै उपचारयोग्य अवस्था रहेको बताए । सरकारले सञ्चालन गरिरहेको 'मानसिक स्वास्थ्य सचेतना अभियान'को सन्दर्भमा मंगलबार एक भिडियो सन्देश जारी गर्दै उनले पूर्णरूपमा स्वस्थ र आरोग्य जीवनका लागि शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्य पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको बताए ।

मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिप्रति भेदभाव नगर्न र आफ्ना परिवारको मानसिक स्वास्थ्यको ख्याल गर्न उनले आग्रह गरे । सचिव डा. देवकोटाले भने, 'यस अभियानलाई सफल बनाउन तीनै तहका सरकारलगायत सम्बन्धित सरोकारवाला निकाय सबैबाट सक्रिय सहभागिताको अत्यन्त आवश्यक छ । यो अभियानमा सबैले खुलेर कुरा गर्न, एक अर्कालाई सुन्न र सक्रिय सहभागिताका लागि आह्वान गर्दछु ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत मंसिर २४ देखि आगामी फागुन ३० सम्म 'स्वास्थ्य मन, स्वास्थ्य जीवन-मनको कुरा गरौं' भन्ने नारासहित मानसिक स्वास्थ्य सचेतना अभियान सञ्चालन गरिरहेको छ । यस अभियानको उद्देश्य मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवासँग एकीकृत गर्दै सबै नागरिकको पहुँचमा यो सेवा पुऱ्याउनु र खुला संवादको संस्कृतिलाई प्रोत्साहन गर्नु हो ।

मन्त्रालयकाअनुसार नेपालमा आज पनि १० मध्ये एक जना कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट बाँचिरहेका छन् भने दैनिक सरदर १९ जनाले आत्महत्याका कारण ज्यान गुमाउनपर्ने अवस्था छ । तनाव वा पीडाको अवस्थामा मनका कुरा विश्वासिलो व्यक्ति परिवारजन र सहकर्मीसँग साट्न र आवश्यक परे स्वास्थ्यकर्मी वा चिकित्सकको सहयोग लिन कहिल्यै नहिच्किचाउन मन्त्रालयले अनुरोध गरेको छ ।


## साउदीमा रोजगार

कम्पनी : RAMOOZ AL TURK CONT CO

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335314 | चलानी नं. ६०२४८८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 17 | 0 | 1200 | ४६,३९५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading & Unloading Labor | 3 | 0 | 1200 | ४६,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना २ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय आदमघाटबाट तपशिलमा उल्लेखित साना व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| पदम गिरीको छोरी केशव पुरीको बुहारी दिपक पुरीको पत्नी धादिङ् जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **सुमित्रा पुरी** (ना.प्र.नं : २६-०१-७३-०४९८४ जारी मिति र जिल्ला : २०७३/०४/१८, धादिङ्) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) पदम पुरीको नाति चुडामणी पुरीको छोरा धादिङ जिल्ला कुम्पुर वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **केशव पुरी** (ना.प्र.नं : ६६४२ जारी मिति र जिल्ला : २०५१/०९/१३, धादिङ) |
| २) लिलाबहादुर भण्डारीको छोरी चुडामणी पुरीको बुहारी केशव पुरीको पत्नी धादिङ जिल्ला कुम्पुर वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **सिता पुरी** (ना.प्र.नं : २९४९४ जारी मिति र जिल्ला : २०५५/११/१०, धादिङ) |
| ३) चुडामणी पुरीको नातिनी केशव पुरीको छोरी धादिङ् जिल्ला सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **अम्बिका पुरी** (ना.प्र.नं : २६-०१-७७-०५०१७ जारी मिति र जिल्ला : २०७७/१०/०४, धादिङ) |
| ४) चुडामणी पुरीको नाति कन्चन पुरीको छोरा धादिङ जिल्ला कुम्पुर वडा नं. ७ हाल, सिद्धलेक गा.पा. वडा नं. ७ बस्ने **राजेन्द्र पुरी** (ना.प्र.नं : २६ह२६१/१६८५८ जारी मिति र जिल्ला : २०६४/०९/१०) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मिति: २०८२।०९।०२ को प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०९।०९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण:**

**१. ऋणीको नामः सुबेक्षा टायल उत्पादन** — **कर्जा शिर्षकः** चालुपूंजी कर्जा

(रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय झुम्का, सुनसरीमा दर्ता रहेको), दर्ता नं.: ९४, दर्ता मितिः २०७६/०५/२५, स्थायी लेखा नं.: ६११९२०३८०, ठेगानाः सुनसरी जिल्ला, रामधुनी न.पा., वडा नं. २ ।

**प्रोप्राईटरः**

**सुरत लाल चौधरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५०८१/३७०८१(२०५३/०३/१३/सुनसरी), बाजेको नामः टिकु चौधरी, बाबुको नामः कोकाइ चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. धोति देवी थरूनीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १००/२३(२०४६/०१/१८/सुनसरी), बाबुको नामः जसि लाल चौधरी, ससुराको नामः टिकु चौधरी, पतिको नामः कोकाइ चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**ख. कोकाइ चौधरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९९५(क)/३७८६(२०३६/०७/०७/सुनसरी), बाजेको नामः विलट चौधरी, बाबुको नामः टिकु चौधरी, ठेगानाः सुनसरी जिल्ला, झुमका गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**ग. सीता चौधरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६१०२२/१३६२६३(२०६६/०१/१०/सुनसरी), बाबुको नामः नारायण चौधरी, ससुराको नामः कोकाइ चौधरी, पतिको नामः सुरत लाल चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**घ. सुनिल चौधरीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०१-७३-१०८८०(२०७३/१०/२६/सुनसरी), बाजेको नामः कोकाइ चौधरी, बाबुको नामः सुरत लाल चौधरी, ठेगानाः सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ ।

**लिलाम हुने धितोको विवरणः**

जसि लाल चौधरीको छोरी, टिकु चौधरीको बुहारी, कोकाइ चौधरीको पत्नी, सुनसरी जिल्ला, मधेशा गा.वि.स., वडा नं. १ परिवर्तित सुनसरी जिल्ला, ईनरूवा न.पा., वडा नं. ६ बस्ने **धोति देवी थरूनी**को नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, मधेशा गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.न. १९६५ को क्षेत्रफल ०-०-१६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः सानीया ट्रेडर्स** — **कर्जा शिर्षकः** क्यास क्रेडिट

(प्रदेश सरकार, प्रदेश १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरीमा दर्ता रहेको), दर्ता नं.: १०८५०/०७८/०७९, दर्ता मितिः २०७८/१०/२०, स्थायी लेखा नं.: ६१७७०११४१, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**सरीता बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०१-७०-०४९४२(२०७०/०४/२७/सुनसरी), बाबुको नामः भरतमणी बस्नेत, ससुराको नामः सलुद खाँ, पतिको नामः आमीर खान, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. आदिल अनवर खानः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६१०३७/१४९९२४(२०६७/०२/२०/सुनसरी), बाजेको नामः सफि महमद खाँ, बाबुको नामः सलुद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**ख. आमीर खानः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८७८६५/८८८६५(२०६१/०२/१०/सुनसरी), बाजेको नामः सफि महमद खाँ, बाबुको नामः सलुद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**ग. पार्वती बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०१-७३-०८९२०(२०७३/०८/२६/सुनसरी), बाबुको नामः भरतमणी बस्नेत, ससुराको नामः सलुद खाँ, पतिको नामः आदिल अनवर खान, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**घ. सलुद खाँः** ना.प्र.प.नं (जारी मिति/स्थान): १४०८३/९४०४/२१६०(२०३७/०२/१५/सुनसरी), बाजेको नामः माखुद खाँ, बाबुको नामः सफि महमद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**३. संयुक्त ऋणीको नामः सरीता बस्नेत/आमीर खान** — **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

**सरीता बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान) : ०६-०१-७०-०४९४२(२०७०/०४/२७/सुनसरी), बाबुको नामः भरतमणी बस्नेत, ससुराको नामः सलुद खाँ, पतिको नामः आमीर खान, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**आमीर खानः** ना.प्र.प.नं (जारी मिति/स्थान): ८७८६५/८८८६५(२०६१/०२/१०/सुनसरी), बाजेको नामः सफि महमद खाँ, बाबुको नामः सलुद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. आदिल अनवर खानः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६१०३७/१४९९२४(२०६७/०२/२०/सुनसरी), बाजेको नामः सफि महमद खाँ, बाबुको नामः सलुद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**ख. पार्वती बस्नेतः** ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०१-७३-०८९२०(२०७३/०८/२६/सुनसरी), बाबुको नामः भरतमणी बस्नेत, ससुराको नामः सलुद खाँ, पतिको नामः आदिल अनवर खान, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**ग. सलुद खाँः** ना.प्र.प.नं (जारी मिति/स्थान):१४०८३/९४०४/२१६०(२०३७/०२/१५/सुनसरी), बाजेको नामः माखुद खाँ, बाबुको नामः सफि महमद खाँ, ठेगानाः सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोको विवरणः**

माखुद खाँको नाति, सफि महमद खाँको छोरा, सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. ७ परिवर्तित सुनसरी जिल्ला, इनरूवा न.पा., वडा नं. २ बस्ने **सलुद खाँ**को नाममा मालपोत कार्यालय इनरूवा, सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा नगरपालिका वडा नं. ७/ख स्थित कि.न. ९३५ को क्षेत्रफल ०-०-९$^{3/4}$ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः सुनिता किराना एण्ड कोल्ड स्टोर** — **कर्जा शिर्षकः** आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौडामा दर्ता रहेको), दर्ता नं.: ४९८८/२४२/२०७१/२०७२, दर्ता मितिः २०७१/०८/१५, स्थायी लेखा नं.: ६०२७७२७६१, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ ।

**प्रोप्राईटरः**

**सुनिता खातीः** ना.प्र.प.नं (जारी मिति/स्थान) : ४३/२८६८६(२०६२/०८/०७/मकवानपुर), बाबुको नामः टेक बहादुर सुनार, ससुराको नामः जसराम खाती, पतिको नामः सिताराम खाती, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. सिताराम खातीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २६८६८(२०५०/०९/१२/ मकवानपुर), बाजेको नामः गोपीलाल खाती, बाबुको नामः जसराम खाती, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३ ।

**ख. दिपक शिवाकोटीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७१०३(२०४७/०४/३१/मकवानपुर), बाजेको नामः लोकनाथ शिवाकोटी, बाबुको नामः कृष्ण देव शिवाकोटी, ठेगानाः मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३ ।

**लिलाम हुने धितोको विवरणः**

टेक बहादुर सुनारको छोरी, जसराम खातीको बुहारी, सिताराम खातीको पत्नी, मकवानपुर जिल्ला, वसामाडी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ३ बस्ने **सुनिता खाती**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.न ४५७ को क्षेत्रफल ०-२-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः अंशु ट्रेडर्स** — **कर्जा शिर्षकः** क्यास क्रेडिट, डिमाण्ड कर्जा र चालुपूंजी कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा दर्ता रहेको), दर्ता नं.: ४३४०/१९९, दर्ता मितिः २०७२/११/१६, स्थायी लेखा नं.: ३०५२८७५६८, ठेगानाः रौतहट जिल्ला, वगही गा.वि.स., वडा नं. ३ हाल रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ४ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**राम जन्म साहः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२१०७२/२२६८(२०६५/०१/२२/रौतहट), बाजेको नामः वेदामी साह कलवार, बाबुको नामः महिन्द्र साह कलवार, ठेगानाः रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. महिन्द्र साह कलवारः** ना.प्र.प.नं (जारी मिति/स्थान): ५७५४२०१०(२०४०/१०/२२/रौतहट), बाजेको नामः गेना साह कलवार, बाबुको नामः वेदामी साह कलवार, ठेगानाः रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ ।

**ख. रीभा कुमारीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२ ३००४/१७४(२०६३/१२/०४/रौतहट), बाबुको नामः राजेन्द्र साह कलवार, ससुराको नामः महिन्द्र साह कलवार, पतिको नामः राम जन्म साह, ठेगानाः रौतहट जिल्ला, बडहवा गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ ।

**ग. श्रीपती देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२३०७२/८४७(२०६३/११/३०/रौतहट), बाबुको नामः ननु साह, ससुराको नामः वेदामी साह कलवार, पतिको नामः महिन्द्र साह कलवार, ठेगानाः रौतहट जिल्ला, महमदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ ।

**लिलाम हुने धितोको विवरणः**

गेना साह कलवारको नाति, वेदामी साह कलवारको छोरा, रौतहट जिल्ला, महम्मदपुर गा.वि.स., वडा नं. १ परिवर्तित रौतहट जिल्ला, गरूडा न.पा., वडा नं. ५ बस्ने **महिन्द्र साह कलवार**को नाममा मालपोत कार्यालय गरूडा, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः

**क.** रौतहट जिल्ला, गरूडा गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.न. २७२ र १९४९ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-१-०-० बिघा को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ख.** रौतहट जिल्ला, बगही गा.वि.स./न.पा., वडा नं. ३ स्थित कि.न. ४२५ र ११०० को क्षेत्रफल क्रमशः ०-४-१६-० र ०-०-२-० बिघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## चुनावको वातावरण बनाउन प्रभावकारी संवादको खाँचो

**सरकारले निर्वाचनको माहोल बनाउन नसकेको आरोप प्रमुख राजनीतिक दलहरूले लगाइरहेका छन्, जसले गर्दा फागुन २१ का लागि तोकिएको निर्वाचन हुनेमा ढुक्क हुने अवस्था छैन । सरकार भने तोकिएकै समयमा निर्वाचन गराउन दृढ रहेको बताउँदै आएको छ । यही मेसोमा सरकारले राजनीतिक दलहरूसँग संवाद गर्न तीन सदस्यीय उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाको संयोजकत्वमा समिति गठन गरेको हो । समितिमा सञ्चारमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल सदस्य छन् ।**

**सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने मुख्य कार्यभार रहेको छ । तर प्रमुख दलहरू अझै पनि निर्वाचन हुनेमा विश्वस्त देखिँदैनन् । नेपाली कांग्रेस र नेकपा एमालेले यो सरकारले निर्वाचन गर्नै नसक्ने दाबी गर्दै आएका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीले विभिन्न मञ्च पुगेर हरेक दिनजसो अन्तरिम सरकारले निर्वाचन गर्नै नसक्ने ठोकुवा गर्दै आएका छन् ।**

**यता नेपाली कांग्रेसले पनि निर्वाचन सार्न सुझाव दिन थालेको छ । यस्तो अवस्थामा निर्वाचन आयोग भने तोकिएकै समयमा निर्वाचन गराउने तयारीमा देखिन्छ । यस्तो माहोलमा सरोकारवालाको सुझाव सुन्नका लागि यो समिति गठनको निष्कर्षमा सरकार पुगेको सञ्चारमन्त्री खरेल बताउँछन् । सरकार र दलहरूबीचको दूरीले निर्वाचनको माहोल बन्न नसकिरहेको सन्दर्भमा सरकारले उच्चस्तरीय समिति बनाउनु स्वागतयोग्य कदम हो । यद्यपि, समितिले संवादको प्रक्रिया कसरी अगाडि बढाउँछ त्यो हेर्न बाँकी नै छ ।**

**मुलुकमा बढ्दो राजनीतिक अस्थिरता, भ्रष्टाचार र कुशासनबाट आजित जनताको विद्रोह गत भदौ २३ र २४ को जेन–जी आन्दोलनमा विष्फोट भएको सबैलाई अवगत नै छ । दलप्रतिको वितृष्णा जगाउने काम स्वयं दलहरूले नै गरेका हुन् । जेन–जी आन्दोलनसम्मको अवस्था सिर्जना गर्ने काम ती नै दलहरूले गरेका हुन् । जेन–जी आन्दोलनपछि जुन परिस्थिति सिर्जना भयो, त्यसबाट मुलुकलाई संवैधानिक ट्र्याकमा ल्याउन फागुन २१ को निर्वाचन सम्पन्न गर्नुको विकल्प छैन । उक्त निर्वाचनबाट नयाँ जनादेश लिएर आउने सरकारले मुलुकलाई सही ट्र्याकमा अगाडि बढाउने अपेक्षा गर्न सकिन्छ । यो भन्दा अहिलेको विकल्प हामीसँग छैन । त्यसैले यो निर्वाचनलाई जसरी हुन्छ सफल बनाउने दायित्व सरकारसँगै दलहरू र सरोकारवाला सबैको हो ।**

**निर्वाचन हुने/नहुने जुन अन्योलको अवस्था छ, यसलाई हटाउन सरकारले गठन गरेको उच्चस्तरीय संवाद समितिले प्रभावकारी भूमिका खेल्नुपर्छ । राजनीतिक दलहरूमा देखिएको आशंका मेटाउन समितिले सक्नुपर्छ । अन्यथा समितिको औचित्य रहने छैन । उच्चस्तरीय समितिले दलहरूलाई संवादमार्फत विश्वासमा ल्याएर निर्वाचनको वातावरण बनाउँदै आफ्नो औचित्य पुष्टि गर्न सकोस् ।**

# रैथाने उत्पादन प्रवर्द्धन गर्ने अभियान



पदम श्रेष्ठ

तराई पहाडमा आदिकालदेखि प्रचलित साप्ताहिक हाटबजारलाई काठमाडौं उपत्यकामा कसरी प्रवर्द्धन गर्ने भनी रैथाने कृषि बजारका अध्यक्ष तिलक दाहालको अध्यक्षतामा गठित रैथाने हाटबजार थोरै समयमा नै धापासीबाट दरबारमार्ग, लाजिम्पाटहुँदै नागार्जुन नगरपालिकाको स्युचाटारमा पनि विस्तार हुन थालेको छ भने अर्गानिक रैथाने उत्पादक कृषकहरूको सहभागिता पनि बढ्दै जान थालेको स्थिति छ । कृषि बजारमा प्राचीन लोपोन्मुख कृषि सामग्रीदेखि ढिकी, जातो, ठेकी, राडीपाखीदेखि घामपानीमा ओड्ने घुमसम्म पनि बिक्री तथा प्रदर्शनमा राखिएका छन् ।

गाउँघरमा लाग्ने साप्ताहिक हाटबजार विस्तारै हराउँदै जान थालेका छन् । गाउँका कृषकले उत्पादन गरेका रैथाने उत्पादनहरू बिक्री गर्ने तथा हप्ताभरिका लागि सामान खरिद गर्ने मुख्य थलोको रूपमा परिचित थिए ती हाटबजार । पछिल्लो समय गाउँ-गाउँ, टोल-टोलसम्म सडक सञ्जाल विस्तार भएसँगै यस्ता हाटबजार हराउन थालेका हुन् । गाउँ-गाउँमा लाग्ने त्यही हाटबजारको झल्को दिनेगरी अहिले काठमाडौंमा साप्ताहिक हाटबजारको अभियान थालिएको छ । यसको मुख्य लक्ष्य रैथाने उत्पादनहरूको प्रवर्द्धन गर्नु रहेको छ ।

रैथाने कृषि उत्पादनका क्याटलक, डकुमेन्ट्रीसमेतका माध्यमबाट अर्गानिक उत्पादनलाई बजारीकरण गर्दै जाने उद्देश्यका साथ प्रत्येक शुक्रबार टोखाको धापासी हाइटमा रैथाने कृषि हाटबजार विस्तार गरिने भएको छ । दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म लाग्ने रैथाने हाटबजारलाई देशव्यापीरूपमा विस्तार गर्ने अभियानले लक्ष्य बनाएको छ । साथै, हाटबजारमा टोखाको चाकु, फर्पिङको नास्पाती, खुर्पानी, लप्सी, सिन्धुलीको जुनार, जुम्ला र मुस्ताङको स्याउका परिकार पनि जोड्दै लैजाने बताएको छ ।

जैविक कृषि प्रणालीमा आधारित रैथाने कृषि उपजको संरक्षण र बजारीकरण गर्ने उद्देश्यबाट लाजिम्पाटस्थित बुकी होटल परिसरमा भने प्रत्येक शनिबार हाटबजार थालिएको चार महिना भइसकेको छ । 'गाउँको उत्पादन सहरमा, रैथाने खाना घर घरमा' मूल नाराका साथ आयोजित रैथाने कृषि बजार बुकी होटलमा साउन ३१ गतेदेखि सुरु भएको हो । सुरुमा स्थानीयलाई यो रैथाने बजार विदेशी पर्यटकका लागिमात्र भन्ने भ्रम रहेको थियो तर पछि सर्वसाधारण जो पनि प्रवेश गरी किनमेल गर्न सकिने रहेछ भन्ने थाहा पाएपछि हाल स्थानीय सर्वसाधारणले पनि सहभागिता बढाउन थालेको बताइन्छ ।

प्रत्येक शनिबार फलफूल तरकारी लिन आउन थालेका स्थानीय राजनीतिक सामाजिक अभियन्ता प्रवीण श्रेष्ठ भन्छन्- रासायनिक मल, बीउ र कीटनाशक औषधिले मानव स्वास्थ्यमा ठूलो असर गरिरहेकोले यस प्रकारको अर्गानिक कृषि बजारलाई सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन वडाव्यापी विस्तार गर्दै लानुपर्दछ, यस अभियानमा हाम्रो पनि ऐक्यबद्धता रहने छ ।

रैथाने एग्री प्रडक्ट्स नेपाल प्रालिले सञ्चालन गरेको रैथाने कृषि बजार अर्गानिक, रैथाने उत्पादनलाई सुलभ मूल्यमा उपभोक्तासम्म पुऱ्याउन लक्षित रहेको छ । उक्त बजारमा तरकारी, फलफूलका साथै लोकल कुखुराको अण्डा, घिउ, भिर माहुरीको मह, अचार र डोल्पाका जडीबुटी पनि राखिएका छन् । कम्पनीका अभियन्ता तिलक ढकालका अनुसार अर्गानिक उत्पादन ठूलो होटल परिसरमा हाटबजार लागाएको हुँदा महँगो होला भन्ने पनि सोच्छन्, वास्तवमा त्यो होइन । कृषकको उत्पादनलाई सीधै उपभोक्तासँग जोडिदिने कार्य यो हाटबजार अभियानबाट भइरहेकोले बिचौलिया नहुने हुँदा बजार मूल्यभन्दा सस्तो नै हुन्छ ।

विशुद्ध अर्गानिक कृषि उत्पादन गर्ने गराउने, कृषि उत्पादनलाई बिचौलियामुक्त बनाई सीधा उपभोक्तासम्म पुऱ्याउन बजारको व्यवस्था गरिएको हो । रैथाने मल, बीउको संरक्षण र प्रवर्द्धन गर्दै लैजाने पनि यसको उद्देश्य रहेको छ ।

यी मूल उद्देश्यका साथ थालिएको रैथाने बजार तीन वर्ष अगाडि दरबारमार्गस्थित ओरियन्ट क्याफेबाट सुरु भएको हो । प्रत्येक शनिबार बिहान ७ बजेदेखि ११ बजेसम्म लाग्ने हाटबजारबाट उपभोक्ताले हप्ताभरका लागि तरकारी, फलफूल र अर्गानिक अन्य सामग्री पनि लानसक्छन् । कृषक उद्यमीले पनि आफ्नो अर्गानिक उत्पादन हाटबजारमा राखी बिक्री वितरण गर्न चाहे दिनको २५० रूपैयाँ तिरेपछि स्टार होटलको प्रांगणमा स्टल राख्न सक्ने छ । कालिकादेवी नमूना फलफूल कृषक समूह थानकोट बाडभञ्ज्याङका व्यवस्थापक श्याम श्रेष्ठ रैथाने उत्पादनका लागि आफ्नो समूहले मल बीउ र कीटनाशक औषधि उत्पादन तथा बिक्री वितरण र तालिमसमेत दिँदै आइरहेको छ । यो अभियानलाई देशव्यापीरूपमा विस्तार गर्न चाहेको उनको भनाइ छ । तर स्थानीय सरकारबाट कृषिमा सहभागी कृषकलाई प्रत्यक्ष रूपमा साथ, सहयोग र भरोसा दिइयोस् भन्ने अभियानले लक्ष्य बनाएको छ । रैथाने बीउको संरक्षण र प्रवर्द्धन गर्दै लैजाने उद्देश्यअनुसार समूहले स्थानीयस्तरमा पाइने झारपात, गोबर आदि कुहाएर वा गडचौला मल प्रयोग गरी उत्पादन थाल्दा स्वाद र स्वास्थ्यमा ठूलो प्रगति भएको छ भने गाईको गहुँत, निम, बकैना, आरुको पात मिलाएर बनाइने झोल कीटनाशक औषधिले आधाभन्दा बढी हानिकारक किरालाई नियन्त्रण गरिरहेको छ । बाँकी बालीमा लाग्ने हानिकारक किरालाई नियन्त्रण गर्न बालिका वरिपरि सयपत्रीका फूल, तितेपाती, निम र वकैनाका बोट बिरुवा लगाउनाले ठूलो राहत मिल्ने गरेको छ ।

तारकेश्वर नगरपालिका निवासी पेसाले शिक्षिका कल्पना शर्मा स्कुलका बालबालिकालाई खाजासमेत हुनेगरी सिरौंलाको खट्टे, लोकल कुखुराको अण्डा, मस्यौरा आदि उत्पादन गरी सो हाटबजारमा राख्ने गर्दा लोपोन्मुख खानेकुराको पुनर्उत्थानमा टेवा पुगेको छ भने स्थानीय खान्कीको प्रवर्द्धनले आफ्ना बालबालिकालाई बजारको 'जंक फुड'को कुलतबाट बचाउन सकिन्छ ।

यो अभियान सानै भए पनि यसको सकारात्मक प्रभाव दीर्घकालीन रहने स्पष्ट पार्दै इ. रमेश ढकाल अभियानले हाटबजार लगाउने मात्र कार्य गरिहेको नभई कृषि मल, बीउ, कीटनाशक औषधिको उत्पादन, अनुसन्धानसमेतमा टेवा पुऱ्याइरहेको बताउँछन् ।

खेती किसानीका लागि थोपा सिँचाइ, आकाशेपानी पुनर्भरण, लोप हुँदै जान थालेको राजकुलो वा वैकल्पिक सिँचाइको व्यवस्थापनका लागि पनि पहल रैथाने कृषि अभियानले थालेको छ । फर्पिङमा आफ्नै खेतबारीमा अर्गानिक कृषि उत्पादन गर्दै आइरहेका टुर गाइड केशव अर्याल भन्छन्, नेपाल विविध हावापानी, धरातलीय परिवेश र कृषि उत्पादन हुने पवित्र भूमि हो । यहाँ विश्वको सबैभन्दा अग्लो चुचुरो सगरमाथासहितको हिमालय भूमिले विश्वको सबैभन्दा जाडो चाइनाको बरखोयानष्ट मरुभूमिको अनुभूति दिलाउँछ भने नेपालको सबैभन्दा होचो भूभाग विराटनगरको केचनालाई विश्वको सबैभन्दा गर्मी भूमि थार र गोपी मरुभूमिको अनुभूति दिलाउँछ ।

त्यसैगरी हामीले देशको सबैभन्दा बढी पानी पर्ने पोखरालाई विश्वकै सबैभन्दा धेरै पानी पर्ने ठाउँ भारतको चेहरापुञ्जीसँगको अनुभूति दिलाउन सक्छौं । आफूले पर्यटकहरूलाई गाइड गर्दा नेपाललाई जमिनको हिसाबबाट सानो मुलुक भए पनि विविधताको हैसियतबाट विश्वको सबैभन्दा विशाल मुलुक हो भन्ने गर्दा उनीहरूले हर्षोल्लासपूर्वक स्वीकार्ने गरेका उनको अनुभव छ । यसको तथ्य कुरा के हो भने नेपालको विकास भनेको कृषि, जलस्रोत र धार्मिक पर्यटन नै हो । यसका लागि हामी जनशक्तिलाई ती काममा तलिम, सीप र शिक्षा दिएर सक्षम बनाउँदै लाने र विश्वको हावापानीमा उत्पादन हुने कृषिलाई जैविक उत्पादनसहित आन्तरिक र बाह्य बजारीकरण गर्दै अगाडि बढ्नु पर्दछ ।

रैथाने बजार प्रवर्द्धनको कुरा गर्दा फर्पिङ दक्षिणकाली निवासी कुमार बलामीले अर्गानिक नस्पाती, ऐसेलु, चुत्रोबाट लोकल ब्राण्डी, सुकुटी, जाम, अचार आदि स्थानीय लप्सीबाट ल्यासेपाउँ, क्याण्डी उत्पादन गरी बजारीकरण गरिरहेका छन् । फर्पिङको नस्पाती, भक्तपुरको जुजु धौ दही, टोखाको चाकु, गोरखाको सुन्तला, मुस्ताङ र जुम्लाको स्याउ, सिन्धुलीको जुनार, सर्लाही लालबन्दीको गोलभेडा, ककनीको माछा, रानीपौवाको मुला, न्युरोडको गुँदपाक, चितवनको धान र तोरी, स्वयम्भू हल्चोकको अम्बा, काठमाडौंको मौलिक उत्पादन बकुला, हलुवाबेद, मयल आदिको रैथाने उत्पादन, बीउ विजनको संरक्षण र बजारीकरण गर्दै अगाडि बढ्नु अभियानको मूल लक्ष्य हो ।

तराई पहाडमा आदिकालदेखि प्रचलित साप्ताहिक हाटबजारलाई काठमाडौं उपत्यकामा कसरी प्रवर्द्धन गर्ने भनी रैथाने कृषि बजारका अध्यक्ष तिलक दाहालको अध्यक्षतामा गठित रैथाने हाटबजार थोरै समयमा नै धापासीबाट दरबारमार्ग, लाजिम्पाटहुँदै नागार्जुन नगरपालिकाको स्युचाटारमा पनि विस्तार हुन थालेको छ भने अर्गानिक रैथाने उत्पादक कृषकहरूको सहभागिता पनि बढ्दै जान थालेको स्थिति छ ।

कृषि बजारमा प्राचीन लोपोन्मुख कृषि सामग्रीदेखि ढिकी, जातो, ठेकी, राडीपाखीदेखि घामपानीमा ओड्ने घुमसम्म पनि बिक्री तथा प्रदर्शनमा राखिएका छन् । रैथाने खाना तथा वस्तुहरूको प्रवर्द्धनमा यो अभियानले थालेको प्रयास प्रशंसानीय छ । यस्तो अभियानको प्रवर्द्धनमा सहयोग गर्ने र अभियन्ताहरूलाई हौसला प्रदान गर्ने काम सरकारबाट हुनुपर्छ । यो अभियानमा युवाहरूलाई जोड्दै जाने हो भने बढ्दो बेरोजगारी समस्या केही हदसम्म हट्दै जाने निश्चित छ । यसले देशको अर्थतन्त्रलाई पनि ठूलो टेवा पुऱ्याउने छ । देशलाई समृद्धिको यात्रामा अगाडि बढाउन यसले भूमिका खेल्ने छ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

पाठक मञ्च

## कोठा–जागिर खोजिदिने नाममा बढ्दो ठगी, सरकार बेखबर !

'कामदार चाहियो, मासिक १५ हजारदेखि २५ हजारसम्म तलब, बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मात्र काम गर्नुपर्ने, खाजा, गाडीभाडा पाइने र अन्य सेवासुविधा पनि उपलब्ध, एसईई वा प्लस टु पास गरेकालाई पहिलो प्राथमिकता' भनी सम्पर्क नम्बरसहित लेखिएका पोस्टरहरू अहिले काठमाडौं उपत्यकाका सार्वजनिक विद्युतीय पोल, भित्ता, आकाशे पुलहरूमा छ्यापछ्याप्ती देखिन्छन् ।

राम्रो तलब र सेवासुविधा देखेपछि धेरैले पोस्टरमा विश्वास गरेर सम्पर्क गर्छन् । तर, फोन गरेपछि ठ्याक्कै उल्टो हुन्छ । त्यो नम्बर जागिर लगाइदिने कम्पनीहरूको हुन्छ । अनि कम्पनीले सम्बन्धित व्यक्तिलाई अफिस आउन आग्रह गर्छ । अफिस गएपछि ५०० देखि १५ सय रूपैयाँसम्म तिरेर फाराम भर्न लगाइन्छ । फाराम भरेको एकदेखि तीन महिनासम्म जागिर पाइने कम्पनीले आश्वासन देखाउँछ ।

यद्यपि, त्यस्तो हुँदैन । फाराम भरेपछि कम्पनी सम्पर्कविहीन हुन्छ । र, केही गरी जागिर लगाइदिए सित्तैमा काम दलाइन्छ । कम्पनी काम लगाइदिएर बेपत्ता हुन्छ, अनि सम्बन्धित व्यक्तिले एकदेखि छ महिनासम्म काम गर्दा पनि तलब पाउँदैनन् । यसरी पछिल्लो समय जागिरको प्रलोभन देखाएर ठग्ने र शोषण गर्ने क्रम बढ्दो छ । मुलुकमा बेरोजगारी बढ्दो छ । काम नपाएर वा काम गरेको ठाउँबाट तलब नपाउँदा मानिसहरू तनावमा छन् ।

यस्तो अवस्थामा आकर्षक रोजगारी देखेपछि जोकोही लोभिहाल्छन् । तर, उनीहरूको फाइदा यस्ता शोषक, सामन्ती र दलालहरूले उठाइरहेका छन् । जागिर पाउने आशामा एक-दुई जनामात्रै होइन, लाखौं सर्वसाधारण ठगिएका छन्, शोषणमा परेका छन् । विडम्बना, उनीहरूले उजुरीसमेत दिन सकेका छैनन् । किनकि, उनीहरूसँग प्रमाण नै हुँदैन । अर्कोतर्फ, १५ सय रूपैयाँ ठगेको पनि के उजुरी दिनु भनेर धेरै मौन बस्ने गरेका छन् ।

यसैले गर्दा पनि त्यस्ता ठग, दलालहरूको मनोबल बढेको छ । जागिरसँगै कोठा खोजिदिने नाममा पनि उत्तिकै ठगी भइरहेको अवस्था छ । कोठा खोज्दै मानिसहरू आफ्नो घर आइपुग्दा घरधनीहरू खाली भए पनि दिँदैनन् । भन्छन्- अफिसमार्फत कोठा खोज्नूस् । अनि अफिस भएपछि एउटा कोठा खोजेबापत सुरुमा ५०० देखि एक हजार वा फ्ल्याटको एक हजारदेखि दुई हजार रूपैयाँसम्म तिरेर फाराम भर्नुपर्छ ।

त्यसरी फाराम भरेको एक महिनाभित्र कम्पनीले कोठा खोजिदिन्छ । कोठा खोजेपछि पनि कम्पनीलाई फेरि रकम तिर्नुपर्छ । एउटा कोठा खोजेको दुई हजार र फ्ल्याट खोजेबापत पाँच हजारदेखि १० हजार रूपैयाँसम्म तिर्नुपर्छ । उता, घरधनीहरूलाई एकदेखि तीन महिनाको भाडा पहिल्यै तिर्नुपर्छ । कम्पनीहरूले घरधनीलाई कमिसन दिने गर्छन् । कोठा खाली भएमा कसैलाई नदिई कम्पनीलाई बताउन भन्छन् । र, खाली कोठामा महँगो भाडा तिर्ने मान्छे ल्याइदिने र कमिशन पनि दिने भनेपछि घरधनीहरू मख्ख हुँदै कम्पनीमार्फत नै कोठा भाडामा लगाउँछन् । आज उपत्यकामा कम्पनीमार्फत मात्र कोठा, फ्ल्याट, सटर पाइन्छ ।

अर्कोतर्फ, कम्पनीमार्फत बसेको ठाउँमा कुनै पनि सेवासुविधा उपलब्ध हुँदैन । पानी न लुगा सुकाउने ठाउँ । अँध्यारो, चिसो कोठाको १० हजारदेखि २० हजार रूपैयाँ भाडा असुलिन्छ । अनि चर्को भाडा र कुनै पनि सेवासुविधा नभएपछि दुई-तीन महिनामै सम्बन्धित व्यक्ति अन्य ठाउँ सर्छ । अनि त्यो व्यक्ति सरेपछि अर्कोलाई फसाइन्छ ।

यसरी कोठाको नाममा पनि दलालीहरूको ठगीधन्दा मौलाउँदो छ । सरकार यस्ता ठगहरूलाई कारबाही गर्दैन । उजुरी दिन निकाय पनि छैन । अनि ठगहरूको मनोबल झनै बढिरहेको छ । आफूहरूले जतिसुकै जनता ठगे पनि, लुटे पनि केही हुँदैन भन्ने छाप उनीहरूमा बसेको छ । अब सरकारले यस्ता ठगहरूलाई कारबाही गर्नैपर्छ । कुनै पनि बहानामा जनता ठग्न पाइँदैन । जनता पनि सचेत हुनुपऱ्यो । दलालीहरूको लहैलहैमा लाग्नु हुँदैन ।

साथै, केही गरी शंका लागेमा प्रमाण जुटाइराख्नुपर्छ । यसले तिनीहरूमाथि कारबाही गर्न सहज हुने छ । गाउँमा शिक्षा, स्वास्थ्य, रोजगारी छैन । छोराछोरी पढाउन, उपचार गर्न वा रोजगारी खान मानिसहरू गाउँमा आफ्नो खेत बाँझो छोडेर, घर र मतानमा ताल्चा लगाएर सहर पसे । अनि सहरमा उनीहरूमाथि एकपछि अर्को ठगी र शोषण भइरहेको छ । यस्तो विकृति नियन्त्रणमा सरकारले तत्काल ध्यान दिनुपर्छ ।

- **रूषा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसनमा लाभकर छुट

**सिराहा–** लहान नगरपालिका–३ स्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा 'रजिस्ट्रेसन'का लागि लाग्ने लाभकर सरकारले मिनाहा गरेको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले करिब एक करोड ३४ लाख ९५ हजार रूपैयाँबराबरको लाभकर छुट दिने निर्णय गरेको हो ।

झण्डै पाँच दशकदेखि अस्पतालको हकभोगमा रहेको उक्त जग्गा रजिस्ट्रेसन हुन नसक्दा भौतिक संरचना विस्तारमा समस्या हुँदै आएको थियो। सरकारको निर्णयपछि सिराहा, सप्तरी र उदयपुरका बिरामीले सेवा लिने यस अस्पतालको स्तरोन्नति र सेवा विस्तार सहज हुने भएको छ ।

सरकारले गरिब तथा विपन्न समुदायको उपचार आवश्यकतालाई ध्यानमा राखेर सकारात्मक निर्णय गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले बताए । उनले भने, 'विगत लामो समयदेखि विभिन्न कारणले रोकिएको प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसनको समस्या अन्ततः समाधान भएको छ । स्थानीय जनताको मागबमोजिम संघीय सरकारले लाभकर छुट दिने ऐतिहासिक निर्णय गरेको छ। यस निर्णयले सिंगो सिराहासहित आसपासका क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने आशा र भरोसा दिएको छ। अब अस्पतालको स्वामित्वमा जग्गा आएपछि भौतिक संरचना विस्तार, नयाँ भवन निर्माण र सेवा सुधारका काम तीव्र रूपमा अघि बढ्ने छन् । यस महत्त्वपूर्ण निर्णयका लागि पहल गर्ने सबै पक्षप्रति अस्पताल परिवारका तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।'

मन्त्रिपरिषद् निर्णयअनुसार लहान नगरपालिका–७ स्थित कित्ता नं २४८, २४९, ३२७ र ३३० मा रहेको एक बिघा १५ क/ा १० धुर जग्गा तथा भवन मधेस प्रदेश सरकारका नाममा हस्तान्तरण गर्दा आयकर ऐन र आर्थिक ऐनबमोजिम लाग्ने लाभकर छुट दिइने छ । अस्पतालका पूर्वमेडिकल सुपरिटेण्डेन्ट डा. बृजेन्द्र साहका अनुसार जग्गा अस्पतालको स्वामित्वमा आएपछि अब १०० शय्याको भवन निर्माण, सिटीस्क्यान, एमआरआई तथा विशिष्टीकृत उपचार सेवा विस्तार गर्ने बाटो खुलेको छ ।

विसं २०३७ मा लहानका दाता परिवार रामकुमार शारदा र उमाप्रसाद मुरारकाले अस्पतालका लागि उक्त जग्गा उपलब्ध गराएका थिए । लाभकर कसले तिर्ने भन्ने विषयमा अन्योल हुँदा रजिस्ट्रेसन रोकिएको थियो । पछिल्लो समय युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको सक्रियतामा स्थानीय अगुवा, अस्पताल परिवार र युवाहरूको पहलपछि सरकारले लाभकर छुट दिने निर्णय गरेको हो । *रासस*

# व्यास परासर क्षेत्रको अध्ययनका निम्ति 'क्युआर' तयार गरिँदै

**तनहुँ (प्रस)–** ऋषि परासर र सत्यवतिबाट श्रीकृष्णद्वैपायन अर्थात् २८औं द्वापरयुगमा दमौलीको व्यास गुफामा उत्पत्ति भएको मानिन्छ । सनातन एवं हिन्दू धर्मावलम्बीको एकताको केन्द्र वेदव्यास जन्मभूमि व्यास परासर क्षेत्रको प्रवर्द्धन तथा प्रचारप्रसारमा सहज बनाउने उद्देश्यले क्युआर कोडमार्फत अध्ययन तथा जानकारी पाउने व्यवस्थापन गर्न लागिएको हो ।

व्यास नगर प्रज्ञा–प्रतिष्ठानको नेतृत्वमा वेदव्यासको तपोभूमि दमौली (व्यास, परासर क्षेत्र) का बारेमा क्युआर कोडमार्फत अध्ययन गर्ने व्यवस्थापनमा जुटेको कुलपति एवं व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए । उनले भने, 'नगरपालिकाको नामकरण नै व्यास ऋषिबाट गरिएकाले यहाँको प्रवर्द्धन तथा विकासको दायित्व नगरपालिकालाई छ । वेदव्यासको तपोभूमि दमौलीको प्रचारप्रसारलाई सहजरूपमा जनतामाझ पुऱ्याउने लक्ष्य लिइएको हो ।'

प्राज्ञिक सदस्य देवीबहादुर बस्नेतले नगरपालिकाकै नामलाई प्रचारप्रसारमा वेदव्यास भूमि महत्त्वपूर्ण रहेको बताए । उनले भने, 'प्रथम चरणमा व्यास परासर क्षेत्रको अध्ययन गर्न मिल्नेगरी क्युआर कोड तयार गरिन्छ। त्यसपछि नगरपालिकाका पर्यटकीय, साहित्यिक, पुरातात्त्विक, ऐतिहासिक, कला, संस्कृति अध्ययन गर्न मिल्नेगरी क्युआर कोडमा समेटिने छ ।'

प्राज्ञिक सदस्य हरिसिं गुरुङले आधुनिक प्रविधिको युगमा प्रज्ञा–प्रतिष्ठानले आधुनिक प्रविधिमार्फत प्रत्येक व्यक्तिसमक्ष व्यास परासर क्षेत्रको जानकारी तथा प्रवर्द्धन गर्न लागेको बताए । क्युआर कोड तयारीका निम्ति नापनक्सा, ती क्षेत्रको वास्तविक अध्ययन तथा जानकारीका बारेमा तयारी भइरहेको उनले जानकारी दिए । 'क्युआर कोड तयार एकैछिनमा हुने होइन । अध्ययन, अनुसन्धान तथा सम्पूर्ण पक्ष समावेश गर्नेगरी तयारीमा जुटिरहेका छौं। नगरपालिकाभित्रका कोटहरूको अध्ययन पनि व्यास परासर क्षेत्रसँगै जोडेर क्युआर कोड तयार पार्ने योजना छ,' गुरुङले भने ।

भाषा, संस्कृति, साहित्य र कलाको संरक्षण तथा प्रवर्द्धनलाई केन्द्रमा राख्दै आगामी कार्ययोजना तय गरेको उपकुलपति काशीनाथ न्यौपानेले जानकारी दिए । उनका अनुसार स्थानीय भाषा र लिपिको दस्तावेजीकरण, शब्दकोश तथा पाठ्यसामग्री निर्माण, मौखिक इतिहास संकलन, सांस्कृतिक परम्परा र लोकज्ञान संरक्षण, लोकसाहित्य संकलन–प्रकाशन, साहित्यिक गोष्ठी तथा कला प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने योजना प्राथमिकतामा राखेको छ।

स्थानीय विषयमा अनुसन्धान, पत्रिका तथा पुस्तक प्रकाशन, सेमिनार–गोष्ठी आयोजना र युवा–विद्यार्थी लक्षित कार्यक्रममार्फत समुदायको सहभागिता बढाउने निर्णयसहित कार्यान्वयनको चरणमा छ । यसै वर्षदेखि सञ्चालन गरिने कार्यक्रमको योजना तर्जुमा गर्दै प्रतिष्ठानले व्यास नगरको सांस्कृतिक विरासतको संरक्षण, विकास र प्रचारप्रसारमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता प्रतिष्ठानले जनाएको छ ।


## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/०२

**आदरणिय शेयरधनी महानुभावहरु,**

मुक्तिनाथ फुड बैंक लि.को मिति २०८२ मंसिर १९ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार **तेश्रो वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८२ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२५)

**समय :** दिनको १:०० बजे

**स्थान :** यती इभेन्टस् एण्ड कन्फरेस सेन्टर लि., बसुन्धरा, काठमान्डौ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।

३. आ.व.२०८२/०८३ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. अध्यक्ष र संचालकहरुको बैठक भत्ता परिमार्जन गर्ने ।

५. संचालक समितीको १३औं बैठकले मनोनित गरेको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

६. प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारीत गर्ने ।

८. खाद्य क्षेत्रमा काम गरिरहेका अर्को कुनै कम्पनी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ती समिति गठन गर्ने, उपयूक्त कम्पनीसंग समझदारी पत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्ती गर्ने गराउने, मुल्याङ्कनकर्ताको पारिश्रमिक तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्न अन्तिम सम्झौता गर्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
**मोहन कुमार बस्नेत**
अध्यक्ष

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.

बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www muktinathkrishi com

"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



## Shailung Rural Municipality

Office of the Rural Municipal Executive
Katakuti, Dolakha
Bagamati Province, Nepal

### Invitation for Bid

Date of Publication: 2082/9/2 (17th December 2025)

Shailung Rural Municipality, Katakuti, Dolakha office invites only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 2082/10/6 (20th January 2026) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S.N | Name of Project | Contract ID | Estimated Amount (with VAT & PS) NRs | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Khusmane Bi Ka Tole Botle Bhurunga Gochet Khanepani Aayojana | SRM/NCB/W/22/2082/083 | 88,44,415.52 | 2,50,000.00 | 3000.00 |
| 2 | Adherikhola Bahuntole Lamatole Sichai Yojana | SRM/NCB/W/23/2082/083 | 10,62,271.64 | 30,000.00 | 3000.00 |

**Chief Administrative Officer**



**Sudurpashchim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Kailali**

### Invitation for Bids

**Date of Publication: 2082/09/02 (17th Dec, 2025)**

1. Infrastructure Development Office, Kailali invites Electronic NCB Bids for the Projects given in the table below.

| S. No. | Contract Identification No | Description of Work | Estimated Amount (NRS.) [Including VAT & PS] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | DOKAILALI/W/ NCB/82/83-47 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi Sub - Metropolitan City ward no -8, Kailali | 8732826.11 | 225000.00 | 120 days | 3000.00 |
| 2 | DOKAILALI/W/ NCB/82/83-48 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi Sub - Metropolitan City ward no -8, Kailali | 14446624.18 | 365000.00 | 120 days | 3000.00 |
| 3 | DOKAILALI/W/ NCB/82/83-49 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi Sub - Metropolitan City ward no -8, Kailali | 7282666.02 | 185000.00 | 120 days | 3000.00 |
| 4 | DOKAILALI/W/ NCB/82/83-50 | Construction and Upgrading of Different 2 Roads of Dhangadhi Sub - Metropolitan City ward no -9, Kailali | 5838238.42 | 148000.0ण | 120 days | 3000.00 |
| 5 | DOKAILALI/W/ NCB/82/83-51 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi Sub - Metropolitan City ward no -10, Kailali | 8760328.61 | 220000.00 | 120 days | 3000.00 |
| 6 | DOKAILALI/W/ NCB/82/83-52 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi Sub - Metropolitan City ward no -13, Kailali | 9170064.40 | 230000.00 | 120 days | 3000.00 |
| 7 | DOKAILALI/W/ NCB/82/83-53 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi Sub - Metropolitan City ward no -13, Kailali | 11314369.09 | 285000.00 | 120 days | 3000.00 |
| 8 | DOKAILALI/W/ NCB/82/83-54 | Construction and Upgrading of Different 4 Roads of Located in Godawari Municipality City Kailali | 9263951.47 | 235000.00 | 120 days | 3000.00 |
| 9 | DOKAILALI/W/ NCB/82/83-55 | Construction and Upgrading of Different 4 Roads Located in Godawari Municipality City -6,7 &8 Kailali | 11702158.07 | 295000.00 | 120 days | 3000.00 |
| 10 | DOKAILALI/W/ NCB/82/83-56 | Construction and Upgrading of Different 2 Roads and 1 Slab Culvert Located in Godawari Municipality City-1 Kailali | 10233786.38 | 260000.00 | 120 days | 3000.00 |
| 11 | DOKAILALI/W/ NCB/82/83-57 | Construction and Upgrading of Chaukidanda –Kolmude Haiaude Bayala Faltude Road Godawari Municipality and Chure Kailali | 4876524.90 | 125000.00 | 120 days | 3000.00 |
| 12 | DOKAILALI/W/ NCB/82/83-58 | Construction and Upgrading of Different 5 Roads & 1-Slab Culvert Located in Godawari Municipality City, Kailali | 16077766.04 | 410,000.00 | 120 days | 3000.00 |
| 13 | DOKAILALI/W/ NCB/82/83-59 | Construction & track opening of View Tower road ,Chure-5, Kailali. | 2437982.97 | 65000.00 | 120 days | 3000.00 |
| 14 | DOKAILALI/W/ NCB/82/83-60 | Construction and Upgrading of Different 2 Roads of Dhangadhi Sub - Metropolitan City ward no -12, Kailali | 4366933.89 | 110000.00 | 120 days | 3000.00 |
| 15 | DOKAILALI/W/ NCB/82/83-61 | Construction and Upgrading of Different 2 Roads of Godawari Municipality ward no -04 and 05, Kailali | 5357787.69 | 140000.00 | 120 days | 3000.00 |

2. Eligible Bidders may obtain further information from *PPMO's website* **www.bolpatra.gov.np/egp**.

**Office Chief**

# प्रभाव दैनिक

रूपशाला


### रवि भेट्न नख्खु पुगे प्रदीप

अभिनेता प्रदीप खड्काले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई भेटेका छन् । उनले मंगलबार नख्खु कारागार पुगेर लामिछानेलाई भेट गरेका हुन् । लामिछानेले सम्झिएपछि आफू भेट्न गएको खड्काले बताएका छन् । करिब ४५ मिनेटको भेटमा उनीहरूबिच समसामयिक राजनीतिक विषयमा कुराकानी भएको छ ।




बुधबार, ०२ पुस २०८२ (Wednesday, 17 December 2025)


# आर्यनको म्युजिकल फिल्म 'बानी'को टिजर सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – नायक आर्यन सिग्देलको नयाँ म्युजिकल फिल्म 'बानी' आउँदैछ । उक्त फिल्मको टिजर सार्वजनिक गरिएको छ । सोमबार ओएसआर डिजिटलबाट सार्वजनिक टिजरमा आर्यन फरक अवतारमा देखिएका छन् । फिल्ममा आर्यनसँगै करुणा श्रेष्ठको पनि अभिनय छ । बानीमा नेपालको एक युवा र सिक्कीमकी एक युवती बिचको बियोगान्त कथा देख्न सकिन्छ । भिडिओमा नेपालको युवा आर्यन हुन् भने उनको सिक्कीमकी युवती करुना श्रेष्ठसँग प्रेम बस्छ । प्रेम पछि आउने उताडचडावलाई रोचक ढंगबाट प्रस्तुत गरिएको छ । बानीका यसअघि दुईपोस्टर सार्वजनिक भइसकेका छन् । दुई पोस्टरमा आर्यनलाई एंग्रि ब्वाई र लभर ब्वाई दुईवटै क्यारेक्टरमा प्रस्तुत गरिएको छ ।

फिल्ममा दिनेश क्षेत्रीको शब्द, संगीत र स्वर रहेको छ । भिडिओ कन्सेप्ट नै दिनेशको हो । भिडिओमा सम्वाद पनि दिनेशसँगै केशव भट्टराईले लेखेका छन् । भिडिओमा आर्यन र करुनासँगै सबिन कट्टेल र सुस्मिता श्रेष्ठको पनि अभिनय देख्न पाइनेछ । उत्सव दाहालको छायांकन रहेको भिडिओलाई बिकाश दाहालले सम्पादन गरिरहेका छन् । भिडिओको निर्देशन भने सुब्रत आचार्यले गरेका हुन् । यस फिल्म यहि पुस १० गते रिलिज हुने तयारीमा छ ।

# संयुक्त निर्माणमा 'शिरजरा– सङ अफ ग्रान्डमदर' बन्ने

**काठमाडौं (प्रस)**– नेपाल, अमेरिका र पोल्याण्डको संयुक्त निर्माणमा चलचित्र 'शिर जरा - सङ अफ ग्रान्डमदर' बन्ने भएको छ । चलचित्र निर्माणमा नेपालको किङ्डम नेटवर्क, अमेरिकाको फ्याक्चर एलएलसी र पोल्याण्डको फिक्जा फिल्मस्ले सहकार्य गर्ने भएका हुन् । विकास सुबेदीको लेखन तथा निर्देशन रहने चलचित्रलाई सुवास भुषाल (नेपाल)ले निर्माण गर्नेछन् । चलचित्रको कार्यकारी निर्मातामा क्रिस बेरुटी (अमेरिका) रहेका छन् भने पोल्याण्डमा पोष्ट-प्रोडक्सनको काम हुने जनाइएको छ ।




मेटा-मोर्डन फिलोसोफिकल ड्रामा जनारामा निर्माण हुने जनाइए पनि चलचित्रको कथा भने खुलाइएको छैन । हाल प्रि-प्रोडक्सनको काम भइरहेको चलचित्रको छायाँकन फेब्रुअरी २०२६ देखी शुरु हुनेछ । चलचित्रका कलाकार तथा प्राबिधिकबारे केही दिनमा जानकारी दिइने निर्माता भुषालले जनाएका छन् ।

# जनकपुरमा रिलिज हुँदै मैथिली फिल्म 'कलकतियावाली'



■ प्रभाव संवाददाता

**जनकपुरधाम** – बहुप्रतिक्षित मैथिली फिल्म 'कलकतियावाली' जनकपुरधाममा रिलिज हुने भएको छ ।

फिल्मका निर्देशक अरुण विजयाले मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत आगामी पुस ४ गते जनकपुरधामस्थित आशा सिनेमा हलबाट फिल्म प्रदर्शनमा ल्याइने जानकारी दिएका हुन् ।

सेन्सर पास गरेपछि पहिलोपटक जनकपुरधामको सिनेमा हलबाट फिल्म रिलिज गर्न लागिएको निर्देशक विजयाले बताए । उनका अनुसार जनकपुरधामपछि नेपालभर रहेका मैथिली दर्शक बढी भएका सिनेमा हलहरूमा समेत फिल्म क्रमशः रिलिज गरिनेछ ।

सामाजिक कथावस्तुमा आधारित मैथिली फिल्म 'कलकतियावाली' यसअघि विभिन्न स्थानमा प्रदर्शन भइसकेको भए पनि सिनेमा हलमार्फत पहिलोपटक जनकपुरधाममा रिलिज हुन लागेको हो । लभ यु मिथिलाको ब्यानरमा निर्माण गरिएको यस फिल्ममा श्याम शशी, इशिका भुजेल र रामनारायण ठाकुरको अभिनय छ । प्रमोद मनोजको संगीत रहेको फिल्मका सबै गीतहरू सुपरहिट भइसकेका छन् ।

दर्शकको सकारात्मक चासो र प्रतिक्रियालाई मध्यनजर गर्दै २८ लाख रूपैयाँ लगानीमा निर्माण गरिएको फिल्म 'कलकतियावाली' मैथिली सिनेमा जगतमा एउटा माइलस्टोन सावित हुने विश्वास निर्माण टिमले व्यक्त गरेको छ ।

## रंगशाला

**एन्फा यू-१६ युथ लिग**

# चर्च ब्वाइज र पुलिस बराबरीमा, मछिन्द्र विजयी

**काठमाडौं (प्रस)**– एन्फा यु-१६ युथ लिगमा चर्च ब्वाइज युनाइटेडले अंकतालिकाको शीर्ष स्थानमा रहेको नेपाल पुलिस क्लबलाई १-१ को बराबरीमा रोकेको छ ।



मंगलबार अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा सम्पन्न दिनको पहिलो खेलमा चर्च ब्वाइजले अग्रतालाई जोगाउन सकेन । आर्यन नेगीले ४१औं मिनेटमा गोल गर्दा चर्च ब्वाइज १-० ले अगाडि बढेको थियो । निर्धारित समय सकिन पाँच मिनेट बाँकी छँदा रिजन राज गौतमले बराबरी गोल फर्काए ।

दिनको दोस्रो खेलमा अर्को विभागीय टोली नेपाल एपिएफ क्लबले न्युरोड टिम (एनआरटी)सँग गोरहित बराबरी खेल्यो । तेस्रो खेलमा मछिन्द्र फुटबल क्लबले संकटा क्लबविरुद्ध ३-२ को रोमाञ्चक जित हासिल गर्यो ।

विकाश थापाको दुई र सुमन बम ठकुरीको एक गोलको मद्धतले पहिलो हाफको समाप्तिमा मछिन्द्र ३-० ले अगाडि बढेको थियो । दोस्रो हाफमा संकटाले दुई गोल गर्यो । सुमीत बलाम्पाकी र पेम्बा तामाङले स्कोरसीटमा आफ्नो नाम लेखाए ।

# नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा पाठक

**काठमाडौं (प्रस)**– नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा हर्षल पाठक नियुक्त भएका छन् ।




भारतीय प्रशिक्षकलाई नेपाल क्रिकेट संघ (क्यान)ले अर्को महिनाबाट घरेलु मैदानमा सुरु हुने आइसीसी टी-२० ग्लोबल छनोटका लागि नियुक्त गरेक हो ।

पाठकले यसअघि नै थाइल्यान्डको टोली सम्हालिसकेका छन् । छनोटमा नेपाल र थाइल्यान्डसँगै समूह 'बी'मा नेदरल्यान्ड्स, स्कटल्यान्ड र जिम्बाबे छन् ।

अर्को समूहमा भने बंगलादेश, आयरल्यान्ड, नामिबिया, पपुवा न्युगिनी र अमेरिका छन् । हरेक समूहका शीर्ष ३ टोली सुपर सिक्समा प्रवेश गर्नेछन् । शीर्ष ६ बाट चार टोलीले इङ्ल्यान्ड र वेल्समा हुने विश्वकपमा स्थान बनाउने छन् ।

**रेडपाण्डा म्याराथन**

# पुरूषतर्फ गजेन्द्र र महिलातर्फ निर्मलालाई उपाधि

**फिक्कल** – पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले इलाममा आयोजित 'रेडपाण्डा म्याराथन'को उपाधि पुरुषतर्फ गजेन्द्र राई र महिलातर्फ निर्मला राईले जितेका छन् ।

इलाम सदरमुकामदेखि नेपाल-भारत सीमाक्षेत्र सन्दकपुर डाँडासम्मको निर्धारित ४४.२ किलोमिटर दूरी गजेन्द्र राईले ४ घण्टा १२ मिनेट १० सेकेण्डमा पूरा गर्दै उपाधि जितेका हुन् । उनले उपाधिसँगै नगद रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरे । महिलातर्फकी निर्मला राईले पाँच घण्टा २० मिनेट ३६ सेकेण्डमा दौड पूरा गरिन् । उनले उपाधिसँगै नगद रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरिन् ।

चार घण्टा १३ मिनेट ५९ सेकेण्डमा निर्धारित दूरी पार गर्दै पुरुषतर्फ करण रावल दोस्रो भए । उनले नगद रु एक लाख पुरस्कार प्राप्त गरे । तेस्रो स्थान प्राप्त कर्णबहादुर रोक्काले चार घण्टा १९ मिनेट ३८ सेकेण्डमा निर्धारित दूरी पार गर्दै नगद रु ५० हजार प्राप्त गरे भने चौथो स्थान प्राप्त गरी श्रीकास राईले नगद रु ३० हजार पुरस्कार प्राप्त गरे ।

विजेता सबै विभागीय टिम त्रिभुवन आर्मी क्लबको भएको आयोजक दीपज्योति युवा क्लबका कार्यक्रम निर्देशक राम रिमालले जानकारी दिए । सुनसरी रोकायले पाँच घण्टा ४० मिनेट ३९ सेकेण्डमा निर्धारित दूरी पार गर्दै महिलातर्फ दोस्रो भइन् । उनले पनि नगद रु १ लाख पुरस्कार प्राप्त गरिन् ।

तेस्रो स्थान प्राप्त गर्दै कल्पना बुढाले नगद रु ५० हजार र चौथो स्थान प्राप्त गरी राज्यलक्ष्मी शाक्यले नगद रु ३० पुरस्कार प्राप्त गरिन् ।

त्यसैगरी स्थानीय विधातर्फको उपाधि राजेन्द्र म्याङ्बो जितेका छन् । उनले नगद रु २५ हजार पुरस्कार प्राप्त गरे । विशाल राई दोस्रो भए । उनले नगद रु २० हजार, तेस्रो स्थान प्राप्त रमेश लिम्बूले नगद रु १० हजार र चौथो स्थान प्राप्त टंक आले मगरले नगद रु पाँच हजार पुरस्कार प्राप्त गरे ।

म्याराथनमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र भारतकासमेत गरी पुरुषतर्फ ६२ जना र महिलातर्फ ११ जना धावकहरू सहभागी थिए । धावकहरूले इलाम सदरमुकामस्थित चोक बजार (११२० मिटर उचाइ) बाट सन्दकपुरडाँडा (३६१० मिटर उचाइ) सम्म दौडेका थिए ।

रेडपाण्डा नेटवर्क, सन्दकपुर गाउँपालिका र इलाम नगरपालिकाको सहयोगमा दीपज्योति युवा क्लबको आयोजनामा प्रतियोगिता सञ्चालन गरिएको थियो । लोपोन्मुख रेडपाण्डा (हाब्रे) संरक्षण, खेलकुद र पर्यटन प्रवर्द्धनका लागि आयोजना गरिएको म्याराथनले सन्दकपुर गाउँपालिकाको मात्र नभइ समग्र इलामको पर्यटन विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको सन्दकपुर गाउँपालिकाका अध्यक्ष तुलाराम गुरुङले बताए ।


**साउदीमा रोजगार** कम्पनी : JASSOUR AL-AZL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335254 | चलानी नं. ६०२४८८४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**साउदीमा रोजगार** कम्पनी : DOROOB AL ROYA OPERATION AND MAINTENANCE EST

पूर्व स्वीकृति मिति : २०८२/०८/२८ | LT. No. 335128 | चलानी नं. ६०२४८७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | OFFICE BOY /GENERAL CLEANING WORKER | 4 | 0 | 1000 | ३८,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

**कुवेतमा रोजगार** कम्पनी : GAIA RESTAURANT AND CAFE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/२९ | LT. No. 335195 | चलानी नं.६०२४८८३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 2 | 130 | ६१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ८ गते (23rd Dec. 2025) मा हुनेछ ।

कम्पनी : COFFEE SECRET RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335194 | चलानी नं.६०२४८८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 2 | 130 | ६१,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARKAD CONSUMER ORDER DELIVERY CO.

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335187 | चलानी नं.६०२४८८३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 46 | 0 | 135 | ६३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

**साउदीमा रोजगार** कम्पनी : ABDULAZIZ ABDULLAH BIN AKRESH CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335216 | चलानी नं. ६०२४८८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour For Hotel Housekeeping | 5 | 0 | 1000 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PALM SPRINGS CATERING SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335329 | चलानी नं. ६०२४८८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 7 | 0 | 1000 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335214 | चलानी नं. ६०२४८८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 18 | 0 | 1000 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe And Boiler Insulation Worker | 5 | 0 | 1200 | ४६,३९५ | | | | | | | |

कम्पनी : SPECIALIZED LAUNDRY FOR WASHING CLOTHES

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335215 | चलानी नं. ६०२४८८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Clothes Washers | 4 | 0 | 1000 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ९ गते (24th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५

# विजय दिवस मनाउन भारत–बंगलादेशद्वारा भ्रमण आदानप्रदान

**ढाका–** भारत र बंगलादेशले सन् १९७१ को मुक्ति युद्धको स्मृतिमा विजय दिवस समारोहलाई विशेष बनाउँदै हरेक वर्ष एकअर्काका युद्धका दिग्गज तथा सेवारत अधिकारीहरूलाई सहभागिताका लागि आमन्त्रण गर्ने परम्परा कायम राख्दै आएका छन् । ढाकास्थित भारतीय उच्चायोगले मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको जानकारीअनुसार यस परम्पराअन्तर्गत दुवै देशका वीर सैनिकहरूबीच आपसी सम्मान र ऐतिहासिक मित्रताको सन्देश प्रवाह भइरहेको छ ।

मुक्ति युद्धको ५४औं वार्षिकोत्सवको अवसरमा आठ जना बहादुर मुक्तिजोधा तथा बंगलादेश सशस्त्र बलका दुई जना सेवारत अधिकारीहरू डिसेम्बर १४ मा भारतको कोलकातामा आयोजित विजय दिवस समारोहमा सहभागी हुन भारत आइपुगेका थिए । त्यसैगरी, आठ जना भारतीय युद्धका दिग्गज तथा भारतीय सशस्त्र बलका दुई जना सेवारत अधिकारीहरू डिसेम्बर १५ मा बंगलादेशको विजय दिवस समारोहमा सहभागी हुन ढाका पुगेका थिए ।

भारतीय उच्च आयोगले जारी गरेको वक्तव्यमा भनिएको छ, 'यी आदानप्रदान भ्रमणहरूले बंगलादेशी मुक्तिजोधा र भारतीय युद्धका दिग्गजहरूलाई हाम्रा दुई राष्ट्रबीचको अनौठो र ऐतिहासिक मित्रताको उत्सव मनाउने अवसर प्रदान गर्दछ । यसले मुक्ति युद्धका स्मृतिहरूलाई पुनः ताजा गराउँछ, जुन बंगलादेशको कब्जा, उत्पीडन र सामूहिक अत्याचारबाट स्वतन्त्रताका लागि बंगलादेश र भारतका सशस्त्र सेनाहरूले दिएको साझा बलिदानको प्रतीक हो ।'

यसै अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार सामाजिक सञ्जालमार्फत ५४औं विजय दिवसको हार्दिक शुभकामना व्यक्त गरे । एक्समा गरिएको पोस्टमा प्रधानमन्त्री मोदीले सन् १९७१ को युद्धमा अदम्य साहसका साथ लडेका सशस्त्र सेनाका वीर जवानहरूलाई स्मरण गरे, जसले बंगलादेशको स्वतन्त्रताका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । उनले ती वीर सैनिकहरूको अतुलनीय राष्ट्रप्रेम र समर्पणप्रति श्रद्धाञ्जलि अर्पण गरे ।

प्रधानमन्त्री मोदीले लेखेका छन्, 'विजय दिवसको अवसरमा हामी ती बहादुर सैनिकहरूलाई स्मरण गर्दछौं, जसको साहस र बलिदानले सन् १९७१ मा भारतको ऐतिहासिक विजय सुनिश्चित गऱ्यो । उनीहरूको दृढ संकल्प र निःस्वार्थ सेवाले हाम्रो राष्ट्रको रक्षा गऱ्यो र इतिहासमा गर्वका सुनौलो अक्षर अंकित गऱ्यो । यो दिन उनीहरूको वीरताको सलामी र उनीहरूको अतुलनीय आत्माको स्मरणका रूपमा खडा हुन्छ । उनीहरूको वीरताले भारतीयहरूको पुस्ता-पुस्तालाई निरन्तर प्रेरणा दिइरहेको छ ।'

यसैगरी, भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले पनि विजय दिवसको अवसरमा भारतीय सशस्त्र बलको अद्वितीय भक्ति, साहस र देशभक्तिप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । उनले हालै २६ जनाको ज्यान लिने भयावह पहलगाम आतंकवादी आक्रमणपछि पाकिस्तानविरुद्ध भारतले सञ्चालन गरेको प्रतिक्रियात्मक सैन्य कारबाही 'अपरेसन सिन्दूर' का क्रममा सेनाले देखाएको अदम्य साहस र वीरतालाई पनि स्मरण गरे ।

राष्ट्रपति मुर्मूले एक्समा लेखेका छन्, 'विजय दिवसको पावन अवसरमा म भारत माताका बहादुर छोराहरूलाई विनम्र श्रद्धाञ्जलि अर्पण गर्दछु । उनीहरूको साहस, वीरता र मातृभूमिप्रतिको अतुलनीय भक्तिले राष्ट्रलाई सधैं गर्वले भरिदिन्छ । उनीहरूको देशभक्ति र वीरताले देशवासीलाई निरन्तर प्रेरणा दिने छ । भारतीय सेनाको 'स्वदेशीकरणमार्फत सशक्तीकरण' पहलले भविष्यका चुनौतीहरू सामना गर्न तयार रहने हाम्रो प्रतिबद्धतालाई स्पष्ट रूपमा देखाउँछ । अपरेसन सिन्दूरमा सेनाले आत्मनिर्भरता, रणनीतिक संकल्प र आधुनिक युद्ध प्रविधिको प्रभावकारी प्रयोग प्रदर्शन गरेको छ, जसले सम्पूर्ण राष्ट्रका लागि प्रेरणाको स्रोत बनेको छ । म सबै सैनिक र उनीहरूका परिवारजनलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । जय हिन्द !'


भारतीय सेनाले पनि सार्वजनिक सूचनाको अतिरिक्त महानिर्देशालयमार्फत सामाजिक सञ्जालमा बंगलादेशको स्वतन्त्रताको ऐतिहासिक कथालाई स्मरण गर्दै भारतीय सशस्त्र बलको वीरता र राष्ट्रवादलाई उजागर गरेको छ । एक्समा गरिएको पोस्टमा भनिएको छ, 'विजय दिवस केवल एउटा मितिमात्र होइन, यो सन् १९७१ को युद्धमा भारतीय सशस्त्र बलले हासिल गरेको ऐतिहासिक र निर्णायक विजयको प्रतीक हो ।'

पोस्टमा थप उल्लेख गरिएको छ कि यो युद्ध भारतको सैन्य इतिहासलाई पुनः परिभाषित गर्ने विजय थियो । 'यो त्यस्तो विजय थियो, जहाँ मुक्तिबाहिनी र भारतीय सशस्त्र सेनाहरू काँधमा काँध मिलाएर लडे, बंगलादेशको मुक्ति संघर्षलाई स्वतन्त्रताको दिशामा निर्णायक मोड दिए । यस विजयले भारतको सैन्य इतिहासलाई पुनः आकार दियो, दक्षिण एसियाको नक्सा पुनर्निर्माण गऱ्यो र नयाँ राष्ट्र बंगलादेशको जन्म गरायो,' पोस्टमा भनिएको छ ।

भारतीय सेनाले उक्त विजयसँगै ठूला समुदायहरूले भोग्दै आएको पाकिस्तानी सेनाको दमन, हिंसा र क्रुरताको अन्त्य भएको पनि स्मरण गरेको छ । सेनाका अनुसार केवल १३ दिनभित्रै कम्तीमा ९३ हजार पाकिस्तानी सैनिकहरूले आत्मसमर्पण गरेका थिए, जसलाई विश्व इतिहासकै सबैभन्दा ठूलो सैन्य आत्मसमर्पणका रूपमा लिइन्छ । *रासस/एएनआई*

# हिंसा भड्काएको अभियोगमा धर्मगुरूलाई ३५ वर्ष जेल

**लाहोर–** पाकिस्तानको एक आतंकवाद विरोधी अदालतले प्रतिबन्धित इस्लामवादी राजनीतिक दलका एक वरिष्ठ धर्मगुरु नेतालाई हिंसा भड्काएको अभियोगमा ३५ वर्षको कैद सजाय सुनाएको छ ।



उक्त सजाय एक वर्षभन्दा बढी समयअघि देशका तत्कालीन प्रधानन्यायाधीशको हत्याका लागि सार्वजनिकरूपमा आह्वान गरेको घटनासँग सम्बन्धित रहेको अदालतका अधिकारीहरू तथा प्रतिरक्षा पक्षका वकिलले मंगलबार जानकारी दिएका छन् ।

प्रतिबन्धित तहरीक-ए-लब्बैक पाकिस्तान (टिएलपी) पार्टीका नेता जहीरुल हसन शाहलाई गत वर्ष पक्राउ गरिएको थियो । उनीमाथि सामाजिक सञ्जालमा एक भिडियो प्रसारित गरेको आरोप लागेको थियो, जसमा तत्कालीन प्रधानन्यायाधीश काजी फैज इसाको टाउको काट्ने जो कोहीलाई पनि एक करोड पाकिस्तानी रूपैयाँ (करिब ३६ हजार अमेरिकी डलर) इनाम दिने घोषणा गरिएको थियो ।

प्रधानन्यायाधीश इसाले गत वर्ष ईशनिन्दासम्बन्धी मुद्दामा अल्पसंख्यक अहमदी समुदायका एक व्यक्तिलाई जमानत दिएपछि कट्टरपन्थी धार्मिक समूहहरूको तीव्र आलोचनाको सामना गर्नुपरेको थियो । अहमदी धर्म इस्लामको एक शाखा मानिए पनि पाकिस्तानको संसद्ले सन् १९७४ मा अहमदी समुदायलाई औपचारिकरूपमा गैरमुस्लिम घोषणा गरेको थियो । त्यसयता अहमदी समुदायका घर र पूजा स्थलहरू प्रायः सुन्नी उग्रवादी समूहहरूको आक्रमणको निशानामा पर्दै आएका छन्, जसले उनीहरूलाई विधर्मी ठान्ने गरेका छन् ।

प्रतिरक्षा पक्षका वकिल मकसुद-उल-हक तथा अदालतका अधिकारीहरूका अनुसार पूर्वी सहर लाहोरस्थित आतंकवाद विरोधी अदालतले सोमबार शाहलाई दोषी ठहर गरेको हो । अदालतले उनको अभिव्यक्ति र सार्वजनिक आह्वानले समाजमा घृणा फैलाएको र हिंसालाई प्रोत्साहन दिएको ठहर गर्दै कडा सजाय सुनाएको जनाएको छ ।

यो फैसला पाकिस्तान सरकारले टिएलपी पार्टीमाथि प्रतिबन्ध लगाएको दुई महिनाभन्दा पनि कम समयपछि आएको हो । गाजाको समर्थनमा आयोजित एक ऱ्यालीका क्रममा पार्टीका समर्थकहरू र सुरक्षाकर्मीबीच घातक झडप भएपछि सरकारले उक्त पार्टीलाई प्रतिबन्धित गरेको थियो ।

ती झडपपछि टिएलपीका प्रमुख नेता साद रिजवी बेपत्ता भएका छन् । प्रहरीका अनुसार पञ्जाब प्रान्तको राजधानी लाहोरबाट इस्लामाबादतर्फ मार्चको नेतृत्व गरिरहेका बेला अक्टोबरको सुरुआतमा सुरु भएको अशान्तिका क्रममा रिजवी पाकिस्तान प्रशासित काश्मीरतर्फ भाग्न सफल भएका थिए ।

यस घटनाक्रमले पाकिस्तानमा धार्मिक कट्टरपन्थ, अभिव्यक्ति स्वतन्त्रता र अल्पसंख्यक समुदायको सुरक्षासम्बन्धी विषयहरू फेरि एकपटक गम्भीर बहसको केन्द्रमा ल्याएको छ । *रासस/एपी*

# बिबिसीविरूद्ध ट्रम्पले दर्ता गरे १० अर्ब डलरको मुद्दा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२१ मा युएस क्यापिटलमा भएको दंगाअघि आफ्ना समर्थकहरूलाई दिएको भाषणलाई सम्पादन गरेर गलत अर्थ लाग्नेगरी प्रस्तुत गरिएको आरोप लगाउँदै बेलायती प्रसारक बिबिसीविरुद्ध कम्तीमा १० अर्ब अमेरिकी डलर क्षतिपूर्तिको मागसहित मुद्दा दायर गरेका छन् ।

फ्लोरिडाको मियामीस्थित संघीय अदालतमा सोमबार दायर गरिएको मुद्दामा बिबिसीमाथि कथित मानहानि तथा फ्लोरिडा भ्रामक र अनुचित व्यापार अभ्यास ऐनको उल्लंघन गरेको आरोप लगाइएको छ । मुद्दामा दुई छुट्टाछुट्टै गणनाअन्तर्गत प्रत्येकका लागि पाँच अर्ब डलरभन्दा कम नहुनेगरी क्षतिपूर्तिको माग गरिएको छ, जसको कूल माग कम्तीमा १० अर्ब डलर पुग्छ ।

७९ वर्षीय राष्ट्रपति ट्रम्पले सोमबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै बिबिसीले 'मेरो मुखमा शब्दहरू राखिदिएको' दाबी गरे । उनले उक्त वृत्तचित्र सम्पादन गर्दा 'एआई वा यस्तै कुनै प्रविधि प्रयोग गरिएको हुनसक्छ' भन्ने आशंकासमेत व्यक्त गरे र मुद्दा दायर गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताए ।

सन् २०२४ को राष्ट्रपतीय चुनावअघि बिबिसीको प्रमुख समसामयिक कार्यक्रम 'प्यानोरामा' मा उक्त वृत्तचित्र प्रसारण गरिएको थियो । सो भिडियोमा सन् २०२१ जनवरी ६ का राष्ट्रपति ट्रम्पका भाषणका दुई फरक-फरक अंशलाई एकसाथ जोडिएको देखिन्छ, जसले उनले आफ्ना समर्थकहरूलाई क्यापिटलमा आक्रमण गर्न प्रत्यक्षरूपमा आग्रह गरेको जस्तो देखाउने प्रयास गरिएको आरोप लगाइएको छ । त्यही दिन अमेरिकी सांसदहरू जो बाइडेनको सन् २०२० को चुनावी जित प्रमाणित गरिरहेका थिए ।

राष्ट्रपति ट्रम्पको कानुनी टोलीका प्रवक्ताले एएफपीलाई जारी गरेको विज्ञप्तिमा 'पहिले सम्मानित र अहिले अपमानित भइसकेको बिबिसीले सन् २०२४ को राष्ट्रपति चुनावमा हस्तक्षेप गर्ने निर्लज्ज प्रयासस्वरूप जानाजानी, दुर्भावनापूर्ण र भ्रामकरूपमा राष्ट्रपति ट्रम्पको भाषणलाई हेरफेर गरेर उनलाई बदनाम गरेको' आरोप लगाएका छन् । विज्ञप्तिमा बिबिसीले आफ्ना दर्शकहरूलाई धोका दिने ढाँचा लामो समयदेखि कायम राखेको र त्यो सबै आफ्नै वामपन्थी राजनीतिक एजेण्डाको सेवामा गरिएको दाबीसमेत गरिएको छ । बेलायत बाहिरसम्म व्यापक दर्शकवर्ग रहेको ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन पछिल्लो समय उथलपुथलको अवस्थामा छ । *रासस/एएफपी*


नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारे सूचना**

यस कार्यालयमा मिति २०७३/०४/११ मा दर्ता भएको प्रा.लि नं. १५२६१४ को **युनिक सिटी पोलिक्लिनिक** नामक कम्पनीको दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८२/०७/१४ मा दर्ता भएको **प्रा. लि. नं. ३७७३३०/०८२/०८३** को श्री **सरटेज को प्रा. लि.**को मिति २०८२/०९/०१ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम प्रकाशित मितिः २०८२/०९/०२**

यस जनज्योती सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ८, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई धिमिले, हरिहरपुरगढी गा.पा. ८, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान १५ को १७६.९२ क्यू.फि गोलिया काठको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनज्योती सा.व.उ.स.**
हरिहरपुरगढी गा.पा.- ८, सिन्धुली

**दाबी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**

**प्रकाशित मिति : २०८२/०९/०२**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था Sky Power International Service Pvt. Ltd. (Lic.No. 1275/074/075) ले यस विभाग समक्ष कम्पनिको साविक नाम तपसिल बमोजिम परिवर्तन गर्न र संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाऊँ भनी माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन र रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक नाम | परिवर्तन पश्चात अब कायम हुने नाम |
|---|---|
| स्काई पावर इन्टरनेशनल सर्भिस प्रा.लि. Sky Power International Service pvt.Ltd | स्काईपावर फोर्स प्रा.लि. Skypower force Pvt.ltd. |

| साविक ठेगाना | परिवर्तन पश्चात अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.४ |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०५/१८ मा दर्ता भएको श्री **शिव शक्ति मोवाईल्स प्रा. लि. (प्रा. लि. नं. १३९६२२)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

**प्रथम प्रकाशित मितिः २०८२/०९/०२**

यस बम्हठाकुर सा.व.उ.स. हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीबाट आ.व.२०७९/०८० र २०८०/०८१ मा उत्पादन भई रांगे दोभान, हरिहरपुरगढी गा.पा. ६, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ र २ को साल जातको गोलिया थान ६८ को ५७२.३७ क्यू.फि गोलिया काठको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बम्हठाकुर सा.व.उ.स.**
हरिहरपुरगढी गा.पा.- ६, सिन्धुली

**Government of Sudurpaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Kanchanpur**

**Notice of Intention to Award Contract**

**Date of Publication: 2082-09-02** (17 December**, 2025)**

Infrastructure Development Office, Kanchanpur hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid Notice No 02-IDOKAN/082/83, (published on Madhyanha Daily) dated 2082-07-21 (7th Nov, 2025) in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 & 47.

| Contract No. | Name and Address of Substantially Responsive Lowest Evaluated Bidder | Total Bid Amount including VAT & PS |
|---|---|---|
| IDOKAN/W/NCB/082/83-07 | M/s Nagarjun Builders, Kanchanpur [VAT No: 301426664] | NRs. 1,834,922.00 |
| IDOKAN/W/NCB/082/83-08 | M/s Trident Builders Pvt.Ltd, Kailali [VAT No. 610460683] | NRs. 42,40,627.88 |
| IDOKAN/W/NCB/082/83-09 | M/s Trident Builders Pvt.Ltd, Kailali [VAT No. 610460683] | NRs. 58,58,575.69 |
| IDOKAN/W/NCB/082/83-10 | M/s Daya Krishna Nirman Sewa, Kanchanpur [VAT No.300458280] | NRs. 43,72,711.00 |
| IDOKAN/W/NCB/082/83-11 | M/s Budhighatal Nirman Sewa,Kanchanpur [VAT No: 302527795] | NRs.16,25,161.75 |
| IDOKAN/W/NCB/082/83-12 | M/s M.B. Arnav Construction Pvt.Ltd ,Kanhanpur [VAT No: 622322593] | NRs.32,33,373.1 |
| IDOKAN/W/NCB/082/83-13 | M/s Nayal Construction, Kailali [VAT No: 607636837] | NRs.31,37,256.02 |
| IDOKAN/W/NCB/082/83-14 | M/s Daya Krishna Nirman Sewa, Kanchanpur [VAT No.300458280] | NRs.44,35,316.83 |
| IDOKAN/W/NCB/082/83-15 | M/s M.B. Arnav Construction Pvt.Ltd, Kanhanpur [VAT No: 622322593] | NRs.79,34,751.05 |
| IDOKAN/W/NCB/082/83-16 | M/s Sansher Nirman Sewa, Kailali [609377543] | NRs.33,40,933.56 |
| IDOKAN/W/NCB/082/83-17 | M/s Khagraj & Amit Construction, Kanchanpur [VAT No: 612306631] | NRs.20,96,792.36 |
| IDOKAN/W/NCB/082/83-18 | M/s K and K Construction,Kailali [VAT No: 605139565] | NRs.38,98,084.4 |
| IDOKAN/W/NCB/082/83-19 | M/s Subisha and subish Construction, Kanhanpur [VAT No: 302124543] | NRs.29,96,192.95 |
| IDOKAN/W/NCB/082/83-20 | M/s Dadabagh Bhumiraj Construction, Kanchanpur [VAT No: 604092849] | NRs.34,28,579.74 |
| IDOKAN/W/NCB/082/83-21 | M/s B. Shreyanshi Construction and Supplayers Pvt.Ltd, Kanchanpur [VAT no: 609834486] | NRs.18,77,486.35 |
| IDOKAN/W/NCB/082/83-22 | M/s Nayal Construction,Kailali [VAT No: 607636837] | NRs.60,07,235.49 |
| IDOKAN/W/NCB/082/83-23 | M/s Sansher Nirman Sewa, Kailali [609377543] | NRs.34,26,666.65 |
| IDOKAN/W/NCB/082/83-24 | M/s Subisha and subish Construction, Kanhanpur [VAT No: 302124543] | NRs.57,36,694.23 |
| IDOKAN/W/NCB/082/83-25 | M/s Subisha and subish Construction,Kanhanpur [VAT No: 302124543] | NRs.29,31,701.08 |
| IDOKAN/W/NCB/082/83-26 | M/s Subisha and subish Construction, Kanhanpur [VAT No: 302124543] | NRs.14,77,472.58 |
| IDOKAN/W/NCB/082/83-27 | M/s Subisha and subish Construction, Kanhanpur [VAT No: 302124543] | NRs.15,09,452.51 |
| IDOKAN/W/NCB/082/83-28 | M/s Sansher Nirman Sewa, Kailali [609377543] | NRs.27,56,290.66 |
| IDOKAN/W/NCB/082/83-29 | M/s Khagraj & Amit Construction, Kanchanpur [VAT No: 612306631] | NRs.21,64,304.90 |
| IDOKAN/W/NCB/082/83-30 | M/s Budhighatal Nirman Sewa, Kanchanpur [VAT No: 302527795] | NRs.32,22,454.80 |
| IDOKAN/W/NCB/082/83-31 | M/S Trident Builders Pvt.Ltd, Kailali [VAT No.610460683] | NRs. 57,37,414.23 |
| IDOKAN/W/NCB/082/83-32 | M/S Trident Builders Pvt.Ltd, Kailali [VAT No.610460683] | NRs. 56,43,458.72 |
| IDOKAN/W/NCB/082/83-33 | M/S Trident Builders Pvt.Ltd, Kailali [VAT No.610460683] | NRs. 58,19,424.58 |
| IDOKAN/W/NCB/082/83-34 | M/s Prabhas Construction,Kanchanpur [VAT no: 621888382] | NRs. 16,95,524.66 |

**Office Chief**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५९००० | प्रति तोला – ० | प्रति तोला – ३८८५ |



**पर्यटकीय मुस्ताङ** | मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-१ झारकोटस्थित सडकबाट प्राकृतिक सौन्दर्यता अवलोकन गर्दै विदेशी पर्यटक । पछिल्लो समय मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकहरूको चाप बढ्दो क्रममा रहेको छ ।

*तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# पाँच महिनामा विकास खर्च आठ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं –** चालु आर्थिक वर्ष २०८२/८३ को सुरुवाती पाँच महिनामा सरकारको विकास खर्च कमजोर देखिएको छ । गत मङ्सिर मसान्तसम्ममा सरकारले आठ प्रतिशत मात्रै पुँजीगत बजेट खर्च गर्न सकेको हो ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार मङ्सिर मसान्तसम्म रु ३३ अर्ब ८७ करोड ४३ लाख बराबर मात्रै पुँजीगत खर्च भएको छ । यसवर्षका लागि पुँजीगत शीर्षकमा रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख बराबर विनियोजन भएको थियो ।

चालुगततर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोडको वार्षिक विनियोजन रहेकामा हालसम्म ३३ दशमलव सात प्रतिशत अर्थात् रु तीन खर्ब ९८ अर्ब चार करोड ७२ लाख खर्च भएको छ । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन भएकोमा ३५ दशमलव ३२ प्रतिशत अर्थात् रु एक खर्ब ३२ अर्ब ५३ करोड ९७ लाख खर्च भएको छ ।

यसरी चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्ममा सरकारको कुल खर्च वार्षिक विनियोजनको २८ दशमलव ७४ प्रतिशत रहेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । यसवर्षका लागि रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबर बजेट विनियोजन भएकोमा हालसम्म रु पाँच खर्ब ६४ अर्ब ४६ करोड १२ लाख खर्च भएको हो ।

बजेट खर्च मात्र नभई राजस्व संकलन पनि कमजोर देखिएको छ । चालु आर्थिक वर्षका लागि रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको सरकारले पाँच महिनामा २७ प्रतिशत अर्थात् रु चार खर्ब १४ अर्ब ९० करोड बराबर मात्रै उठाउन सकेको छ । मङ्सिर मसान्तसम्म रु पाँच खर्ब २० अर्ब ४४ करोड राजश्व उठाइसक्ने सरकारको लक्ष्य थियो । तर उक्त लक्ष्यको तुलनामा प्राप्ति ७८ दशमलव ७४ प्रतिशतमा खुम्चिएको छ । त्यस्तै, मङ्सिर महिनामा मात्र रु ९५ अर्ब २० करोड कर उठाउने लक्ष्य राखेको सरकारले त्यसको ८४ दशमलव ३१ प्रतिशत अर्थात् रु ८० अर्ब २७ करोड बराबर मात्रै असुली गरेको छ । हालसम्म कर राजस्वतर्फ वार्षिक लक्ष्यको २८ दशमलव ८३ प्रतिशत अर्थात् रु तीन खर्ब ८२ अर्ब २३ करोड र गैरकर राजश्वतर्फ १५ दशमलव ५९ प्रतिशत अर्थात् रु २४ अर्ब सात करोड बराबर संकलन भएको छ । यसवर्ष रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म नौ दशमलव ५८ प्रतिशत अर्थात् रु पाँच अर्ब १२ करोड १० लाख बराबर अनुदान लिएको छ ।

हालसम्मको सरकारको आम्दानी र खर्चको हिसाब हेर्दा बजेट घाटा डेढ खर्ब हाराहारी पुगेको छ अर्थात् सरकारले गरेको आम्दानीभन्दा खर्च रु एक खर्ब ४९ अर्ब ५५ करोड ८५ लाखले बढी छ ।

# गण्डकीका दुई औद्योगिक क्षेत्रको 'इआइए' स्वीकृत

■ प्रभाव संवाददाता

**गण्डकी –** गण्डकी प्रदेश सरकारले कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा निर्माण गर्न लागिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरेको छ । 'इआइए' स्वीकत गरेसँगै औद्योगिक क्षेत्र निर्माणका लागि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढेको छ । परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो । 'इआइए'को प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको थियो । आठ वर्षअघि प्रदेश सरकारले पुँडीटार र लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माणको घोषणा गरेको थियो । प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रुखको गणना भइरहेको जानकारी दिए ।

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । 'औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रुखको गणनासहित क्षेत्रफल यकिन गरेर सङ्घको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाउँदैछौं', उनले भने, 'वन तथा वातावरण मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि सङ्घीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुन्छ ।' संघ सरकारले गण्डकी प्रदेश सरकारलाई जग्गा भोगाधिकार दिने निर्णय गरेपछि औद्योगिक क्षेत्र निर्माण सुरु हुने महाशाखा प्रमुख ढकालले बताए ।

लोकाहाखोलाको जग्गा चुरे संरक्षण क्षेत्रभित्र पर्ने भएकाले 'इआइए'को प्रक्रिया पूरा हुन धेरै समय लागेको उहाँको भनाइ छ । जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । वन तथा वातावरण मन्त्रालयको सहमतिपछि संघीय मन्त्रिपरिषद्ले प्रस्तावित औद्योगिक क्षेत्रका जग्गा उपलब्ध गराउने निर्णय गर्ने महाशाखा प्रमुख ढकालले बताए ।

गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका दुई औद्योगिक क्षेत्र निर्माण प्रक्रियालाई अगाडि बढाएको हो । प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहा खोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत तयार पारिसकेको छ । औद्योगिक क्षेत्रलाई आवश्यक जग्गा नापजाँच तथा यकीन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा संघ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ ।

जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा चार हजार पाँच सय रोपनी र लोकाहाखोलामा १४१ बिघामा औद्यागिक क्षेत्र निर्माण हुने जनाइएको छ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ । लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो । पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहेपनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ ।

# एडिबीबाट १४ अर्ब ३८ करोड सहुलियत ऋण स्वीकार गर्ने

**काठमाडौं (प्रस)–** सरकारले सार्वजनिक वित्त व्यवस्थापन र हस्तान्तरणसम्बन्धी कार्यक्रमका लागि एसियाली विकास बैंक (एडिबी)बाट प्राप्त हुने करिब रु १४ अर्ब ३८ करोड बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले पवनकुमार शारदा र मुरारीलाल मुरारकाको संयुक्त नाममा दर्ता कायम रहेको सिराहाको लहान नगरपालिकाको १-१५-१० विघा जग्गा तथा सोमा बनेको भवनसमेत रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालका नाममा हस्तान्तरण गर्दा लाग्ने लाभकर छुट दिने निर्णय गरेको छ ।

बैठकले यही पुस १२ देखि १४ गतेसम्म काठमाडौँमा सञ्चालन हुने नेपाल-भारत संयुक्त कृषि कार्यसमूहको नवौं बैठकमा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिको संयोजकत्वको प्रतिनिधिमण्डल गठन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले चालु आर्थिक वर्षको बाँकी अवधिका लागि कृषि तथा पशुपछी विकास मन्त्रालयअन्तर्गत सञ्चालित सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजनाको लागि अधिकृतस्तरका आठ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।

## कर्पोरेट

### विवाइडी डल्फिनको बिक्री १० लाख नाघ्यो



**काठमाडौं (प्रस)–** विवाईडीले उत्पादन गरेको विद्युतीय सवारी 'डल्फिन'को विश्वव्यापी बिक्री १० लाख पुगेको छ । योसँगै विवाईडी डल्फिन चिनियाँ अटो बजारमा सबैभन्दा छिटो १० लाख युनिट बिक्रीको उपलब्धि हासिल गर्ने ह्याचब्याक ईभी बन्न सफल भएको छ ।

नेपालका लागि विवाईडीको आधिकारिक बिक्रेता साइमेक्स इंक प्रालिले यो उपलब्धिलाई गर्वको क्षण भएको बताएको छ । 'विवाईडी डल्फिनले ह्याचब्याक सेग्मेन्टमा नयाँ परिभाषा स्थापित गरेको छ, सुरक्षित, स्मार्ट र वातावरणमैत्री सवारी खोज्ने नेपाली परिवारको पहिलो रोजाइमा डल्फिन बनेकामा हामीलाई निकै खुसी लागेको छ, हामी ईभी इकोसिस्टम विस्तार, उत्कृष्ट बिक्रीपछिको सेवा र नेपाललाई स्वच्छ गतिशीलतामा रूपान्तरण गर्ने यात्रामा निरन्तर साथ दिन प्रतिबद्ध छौं', कम्पनीले भनेको छ ।

कम्पनीका अनुसार विवाईडीले २०२६ का लागि नयाँ संस्करणको डल्फिन परीक्षण सुरु गरिसकेको छ । जुन हाल चीनमा विकास परीक्षणको चरणमा छ । प्रारम्भिक रिपोर्टहरूका अनुसार नयाँ संस्करणको डल्फिन डिजाइन र ड्राइभिङमा महत्वपूर्ण सुधार हुने अपेक्षा गरिएको छ ।

विश्वव्यापी रूपमा मात्रै विवाईडी डल्फिनको बिक्री नेपालमा पनि उल्लेख्य मात्रामा भइरहेको कम्पनीको भनाइ छ । साइमेक्स इंक प्रालिले नेपालमा सन् २०२३ सेप्टेम्बरमा डल्फिन सार्वजनिक गरेको थियो । डल्फिन नेपालमा सबैभन्दा धेरै बिक्री हुने विद्युतीय सवारीमा पहिलो स्थानमा छ ।

हाल नेपालका सडकमा २५०० भन्दा बढी डल्फिन गुडिरहेका छन् । नेपालमा ह्याचब्याक सेग्मेन्टको बिक्री घट्दो अवस्थामा हुँदाहुँदै पनि, डल्फिनको आगमनले उपभोक्ताहरूको रुचि पुनः जागृत गरेको छ । उत्कृष्ट सेफ्टी, इन्टेलिजेन्ट फिचरहरू र किफायती मूल्यका कारण डल्फिन लोकप्रिय बनेको छ । नेपाली बजारमा डल्फिन सुरक्षित र स्मार्ट पारिवारिक कारका रूपमा स्थापित छ ।

### स्वावलम्बन लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम

**काठमाडौं (प्रस)–** स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय कमलविनायक, भक्तपुरको आयोजनामा एक दिने वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । वित्तीय संस्थामा आबद्ध सदस्य, अभिभावक तथा स्थानीय सरोकारवालाहरूलाई वित्तीय कारोबार, बचत तथा उद्यमशीलताका विषयमा जानकारी दिने उद्देश्यले मंसिर २९ गते उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

केन्द्र नं ४३ की केन्द्र प्रमुख चम्पा आलेमगरको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा स्वावलम्बन लघुवित्तका सञ्चालक समितिका सदस्य रबिन कुमार श्रेष्ठ तथा प्रा.डा. कुशुम शाक्यको विशिष्ट आतिथ्यता रहेको थियो । त्यसैगरी, अतिथिहरूमा भक्तपुर नगरपालिका वडा नं. १० का वडा सदस्य कृष्ण नारायण डुमरु र श्री हंसवाहिनी आधारभूत विद्यालयका प्रधानाध्यापक सुर्य नारायण फोजुको उपस्थिति रहेको थियो । कार्यक्रमको अवसर पारेर शाखा कार्यालय कमलविनायक अन्तर्गतका उत्कृष्ट केन्द्रहरूलाई पुरस्कृत गर्नुका साथै बीमा सुविधा पनि प्रदान गरिएको थियो ।



कार्यक्रमको औपचारिक सुरुवात गर्दै शाखा कार्यालय कमलविनायकका कार्यालय प्रमुख सुनिता काफ्लेले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै कार्यक्रमको महत्वबारे जानकारी गराइन् । इलाका कार्यालय ठिमीका इलाका प्रबन्धक राजेन्द्र थापाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै वित्तीय साक्षरताले सदस्यहरूको आर्थिक जीवनमा ल्याउने सकारात्मक परिवर्तनबारे चर्चा गरे । स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले व्यापारिक उद्देश्य मात्र नराखी सामाजिक कार्यमा समेत योगदान गर्दै आएको प्रति हंसवाहिनी आधारभुत विद्यालयका प्रधानाध्यापकले धन्यबाद व्यक्त गरे । संचालक प्रा.डा.शाक्यले नगदविहीन अर्थिक कारोवार वृद्धि हुदै गएकोले सो को सदुपयोग र सुरक्षित कारोवार तर्फ ध्यान दिनुपर्नेमा जोड दिनुका साथै महिला सहभागिताको प्रशंसा गरे । सञ्चालक रबिन कुमार श्रेष्ठले उद्यमशीलता विकास आजको आवश्यकता भएको र सो को लागि स्वावलम्बन लघुवित्त वित्तीय संस्थाले सहकार्य गर्ने बताएका थिए ।

# पुस ११ देखि हात्ती तथा पर्यटन महोत्सव

■ प्रभाव संवाददाता

**चितवन–** चितवनको सौराहामा यही पुस ११ देखि १३ गतेसम्म १९औं चितवन हात्ती तथा पर्यटन महोत्सव-२०८२ आयोजना हुने भएको छ । क्षेत्रीय होटल संघ नेपाल, चितवनको आयोजना तथा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था लिमिटेडको मुख्य सह-आयोजना र रत्ननगर नगरपालिकाको संरक्षकत्वमा महोत्सव हुन लागेको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

विश्व सम्पदामा सूचीकृत निकुञ्ज तथा सौराहा क्षेत्रको पर्यटन प्रवर्द्धन, मानव र वन्यजन्तुबीचको सहअस्तित्व, संरक्षण चेतना र दिगो पर्यटन विकास महोत्सवको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ ।

सन् १९९७ देखि निरन्तर आयोजना गरिँदै आएको महोत्सवले चितवनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताइएको छ । नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले बोर्डले चितवनको पर्यटन प्रवर्द्धनका लागि महोत्सवमा निरन्तर सहकार्य गर्दै आएको उल्लेख गरे ।

उनले भने, 'चितवनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा चिनाउन र वर्तमान सन्दर्भमा आन्तरिक पर्यटन प्रवर्द्धन र गन्तव्य ब्रान्डिङका लागि हात्ती महोत्वसव प्रभावकारी भइरहेको छ । यस महोत्सवले नेपालको पर्यटन उद्योगलाई उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने छ ।'

महोत्सवमा हात्तीको पूर्ण सुरक्षालाई प्राथमिकतामा राख्दै अन्तरराष्ट्रिय मापदण्डअनुसार कार्यक्रम सञ्चालन गरिने आयोजकको भनाइ छ । हात्तीमाथि कुनै पनि किसिमको व्यवहार निषेध गरिएको छ भने पशु चिकित्सकको नियमित निगरानी, तालिमप्राप्त माहुतेको मात्र सहभागिता र स्वास्थ्य परीक्षण अनिवार्य गरिएको छ । सबै गतिविधि प्रतिस्पर्धाभन्दा पनि मानव-हात्तीबीचको सौहार्दता, संस्कृति र परम्पराको प्रवर्द्धनमा केन्द्रित रहने बताइएको छ ।

महोत्सव अवधिभर करिब ८० वटा हात्तीको सहभागिता रहनेछ । हात्ती शोभायात्रा, सांस्कृतिक झाँकी, हात्ती सजावट प्रदर्शन, हात्ती भोजन कार्यक्रम, हात्ती स्वास्थ्य शिविर, हात्तीमैत्री खेल, स्थानीयस्तरका खेलकुद प्रतियोगिता, सफारी पर्यटन प्रवर्द्धन कार्यक्रम तथा मानव-वन्यजन्तु सहअस्तित्वसम्बन्धी अन्तरक्रिया कार्यक्रम महोत्सवका प्रमुख आकर्षण रहनेछन् ।

यसका साथै स्थानीय कला, संस्कृति, भाषा र परम्पराको संरक्षण तथा प्रवर्द्धन, महिला उद्यमी र स्थानीय कृषि उत्पादनको बजारीकरणमा पनि महोत्सवले भूमिका खेल्ने विश्वास गरिएको छ । महोत्सवको अवसरमा पुस ११ देखि १३ गतेसम्म सौराहाका होटल तथा रेस्टुराँहरूमा खाना र आवासमा १० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको आयोजकले जनाएको छ । महोत्सवका कारण प्रत्येक वर्ष २५ देखि ३० प्रतिशतसम्म पर्यटक आगमन वृद्धि हुँदै आएको आयोजकले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ